# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ५० | काठमाडौं | बिहीबार, २९ जेठ २०८२ | Prabhab National Daily | Thursday, June 12 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


काठमाडौं महानगरको ठेक्कामा भ्रष्टाचार

## तत्कालीन प्रमुख प्रशासकीय अधिकृत परियारसहित सात जनाविरूद्ध भ्रष्टाचार मुद्दा



- सामाखुसी कोरिडोरअन्तर्गत बसुन्धरादेखि म्हेपीसम्मको ढल निर्माण कार्यको ठेक्का बढी रकम कबोल गर्ने कम्पनीसँग सम्झौता गर्दा भ्रष्टाचार भएको अख्तियारको आरोप
- समानान्तर निर्माण सेवाले प्रस्ताव गरेकोभन्दा चार करोड ३१ लाख ७२ हजार रूपैयाँ बढी प्रस्ताव गर्ने कल्पवृक्ष-कोहिनूर जेभीसँग सम्झौता
- चार करोड ३१ लाख ७२ हजार रूपैयाँ बिगो कायम
- प्रतिवादीहरूबाट बिगोबमोजिमको रकम असुली, कैद तथा जरिवाना मागदाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूचना तथा प्रसारण विभागका महानिर्देशक प्रदीप परियार भ्रष्टाचारसम्बन्धी मुद्दामा तानिएका छन् । काठमाडौं महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत रहँदा सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बुधबार उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

उक्त मुद्दामा परियारसहित सात जनालाई प्रतिवादी बनाइएको छ । जसमा महानगरको बोलपत्र मूल्यांकन समितिका निर्देशकहरू रवीनमान श्रेष्ठ, शिवराज अधिकारी, बसन्त आचार्य र नमराज ढकाल, इञ्जिनियर जनार्दन गिरी र खरिद एकाइका सहायक निर्देशक उत्तम दाहाल परेका छन् ।

सामाखुसी कोरिडोरअन्तर्गत बसुन्धरादेखि म्हेपीसम्मको ढल निर्माण कार्यको ठेक्का बढी रकम कबोल गर्ने कम्पनीलाई दिँदा भ्रष्टाचार भएको अख्तियारले दायर गरेको आरोपपत्रमा उल्लेख छ । आर्थिक वर्ष ०७७/७८ मा आह्वान गरिएको सो ठेक्कामा कम रकम प्रस्ताव गरेको समानान्तर निर्माण सेवा प्रालिलाई प्राविधिक प्रस्तावको मूल्यांकनमा अनुत्तीर्ण बनाइ कल्पवृक्ष-कोहिनूर जेभीको प्रस्ताव स्वीकृत गरेको पाइएको अख्तियारले जनाएको छ ।

आरोपपत्रमा उल्लेख भएअनुसार समानानान्तर निर्माण सेवाले प्रस्ताव गरेको रकम भ्याटसहित १८ करोड नौ लाख २२ हजार रूपैयाँ रहेको छ । जबकि, महानगरले स्वीकृत गरेको कल्पवृक्ष-कोहिनूर जेभीले २२ करोड ४० लाख ९४ हजार रूपैयाँको प्रस्ताव गरेको उल्लेख छ । यो रकम समानान्तर निर्माण सेवाले प्रस्ताव गरेकोभन्दा चार करोड ३१ लाख ७२ हजार रूपैयाँ बढी हो । यसरी बढी रकमको ठेक्का स्वीकृत गरी महानगरको सार्वजनिक सम्पत्ति हानि नोक्सानी गर्ने कार्यमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत परियारसहितका पदाधिकारीहरूको मिलेमतो रहेको अख्तियारको आरोप छ ।

अख्तियारले सोही बढी रकम चार करोड ३१ लाख ७२ हजार रूपैयाँ बिगो कायम गरी मुद्दा चलाएको हो । प्रतिवादीहरूले आफ्नो पदको दुरूपयोग गरी गराई काठमाडौं महानगरपालिका/सार्वजनिक संस्थाको सम्पत्तिको बदनियतपूर्वक हानि नोक्सानी गरे गराएको तथ्य स्थापित भएको देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

# सदन खुलाउनेबारे सत्तारुढ दल मौन



संसद् अवरूद्धबारे सत्तापक्ष र विपक्षीबीच लामै छलफल चलिरहेको छ । गृहमन्त्रीले धारणा राख्ने र प्रतिपक्षीले सहयोग गर्ने र बजेटसम्बन्धी छलफल खुलाउने भन्ने हाम्रो कुरा छ ।

■ **पृथ्वीसुब्बा गुरुङ**
प्रवक्ता, नेपाल सरकार



रास्वपाले सदन अवरूद्ध गरेको हैन । यो सरकारले अवरूद्ध गरेको हो । राष्ट्रिय विषय हो । यसमा सहमति नगरी हुन्न । बेचिएकाहरूले यो मुद्दा नछोड्नु भन्नुभएको छ । हामी यो मुद्दा त्यसै छाड्दैनौ ।

■ **डा. तोसिमा गुरुङ**
सांसद, रास्वपा



**नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा बुधबार बसेको प्रतिनिधिसभा बैठक । प्रतिपक्षीको नाराबाजीपछि बैठक आजका लागि स्थगित गरिएको थियो ।** *तस्बिर: रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** बुधबारको प्रतिनिधिसभाको कार्यसूची थियो प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्र सुनाउने, राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन पेस हुने र बजेटबारे छलफल हुने । यद्यपि, अघिल्ला दिनहरूमाझैं बैठक स्थगित भयो ।

बजेट भाषणयता सदनको दैनिकी सुरु गर्ने र स्थगित गर्नेमै चलिरहेको छ । जेठ १३ यता नौ दिन यसरी नै सदन खुल्ने र स्थगित हुने लुकामारी चलिरहेको छ । बजेट पारित गर्नुपर्ने सत्तारुढ दल प्रतिपक्षीको विरोधमा होहल्ला गर्नेबाहेक सदन चलाउनमा गम्भीर देखिँदैन । बरु प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको दौडधुप चर्कै देखिन्छ ।

गृहमन्त्री रमेश लेखकलाई भिजिट भिसा प्रकरणमा छानबिन गर्नुपर्ने र राजीनामा दिनुपर्ने माग विपक्षीको रहेको छ । सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसले यी दुजै मागमा कुनै सुनुवाइ नगर्ने पटक-पटक सन्देश दिइसकेका छन् । सदन अवरोधको आरोप लागेपछि बुधबार रास्वपाले पाँचबुँदे प्रस्ताव अघि सारेको थियो । पारदर्शी छानबिन समितिको मागसहित आएको यो प्रस्तावलाई सत्तारुढ दल एमालेले ठाडै अस्वीकार गरेको छ । 'रास्वपाका साथीहरूको पाँचबुँदेमा कुनै छलफल नै हुँदैन,' बुधबार सदन स्थगित भएपछि एमाले सांसद योगेश भट्टराईले भने ।

माओवादीले सरकारलाई सहज हुनेगरी लचकता अपनाए पनि रास्वपाले विरोध जारी राखेको छ । जबकि, माओवादी अध्यक्ष दाहालले अध्यागमन विभागका तत्कालीन प्रमुख तीर्थराज भट्टराई अख्तियारको सोधपुछमा परेपछि गृहमन्त्री लेखकले पनि राजीनामा दिनुपर्ने बताएका थिए । यद्यपि, बुधबारसम्म आइपुग्दा माओवादी लचक बनिसकेको छ ।

बुधबार माओवादीले दुईबुँदे ड्राफ्ट तयार गर्‍यो । जसलाई एमाले र कांग्रेस स्वीकार गर्न तयार देखियो । माओवादीको नेता शक्ति बस्नेतले तयार गरेको मस्यौदाको पहिलो बुँदामा भिजिट भिसा प्रकरणमा अख्तियारले गरिरहेको छानबिनमा सहयोग गर्ने भन्ने उल्लेख छ । त्यसैगरी दोस्रो बुँदामा भिजिट भिसा र अध्यागमनसँग सम्बन्धित नीतिगत विषयमा अध्ययन गर्न संरचना/व्यवस्था गर्न सरकारले ठोस पहल गर्ने उल्लेख छ ।

बस्नेतले तयार गरेको मस्यौदामा छानबिन र समिति भन्ने शब्द नपरेपछि रास्वपाका नेताहरूले बैठक सुरू गर्न गर्न मानेनन् । सभामुख देवराज घिमिरेले सदन खुलाउन पटक-पटक प्रयास गरिरहेका छन् । अवरुद्ध सदन खुलाउन सभामुख घिमिरेले डाकेको बैठकमा कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, प्रमुख सचेतक श्याम घिमिरे पुग्छन् । एमालेबाट प्रमुख सचेतक महेश बर्तौला र योगेश भट्टराई । ती छलफलमा कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली सहभागी नहुँदा सभामुख घिमिरेले कुनै निष्कर्ष निकाल्न सकेका छैनन् ।

यसरी हेर्दा सत्तापक्ष प्रतिपक्षलाई पेलेरै जाने पक्षमा देखिन्छ । माओवादी उपमहासचिव वर्षमान पुनले प्रतिपक्षीले उठाएको मुद्दा बेठीक भनेमा सदन चल्न दिने बताए । 'हामीले बजेट पेस गर्न दियौं । अब छलफल हुनुपर्छ, तर यो भिजिट भिसा प्रकरण आमजनताको इस्यु भइसक्यो । कि प्रतिपक्षले उठाएको इस्यु बेठीक छ भन्नुपर्‍यो । सही छ भने उहाँहरू तयार हुनुपर्‍यो,' पुनले भने ।

सदन खुलाउन दलहरू राष्ट्रिय सहमतिमा आउनुपर्ने रास्वपाकी सांसद डा. तोसिमा कार्कीले बताइन् । 'रास्वपाले सदन अवरुद्ध गरेको हैन । यो सरकारले अवरुद्ध गरेको हो,' कार्कीले भनिन्, 'राष्ट्रिय विषय हो । यसमा सहमति नगरी हुन्न । बेचिएकाहरूले यो मुद्दा नछोड्नु भन्नुभएको छ । हामी यो मुद्दा त्यसै छाड्दैनौ ।'

सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले गृहमन्त्रीको राजीनामा आउनै नसक्ने बताए । 'अख्तियारले एउटा कर्मचारीमाथि छानबिन शुरु गरेको हो । एउटा कर्मचारीमाथि छानबिन शुरु हुने वित्तिकै मन्त्रीले राजीनामा दिने हो भने सरकार नै चल्दैन । गृहमन्त्रीको राजीनामा आउँदैन,' सञ्चारमन्त्रीसमेत रहेका गुरुङले भने । यद्यपि सरकारले सदन चलाउन सक्दो प्रयास गरिरहेको दाबी गरे । 'संसद अवरुद्धबारे सत्तापक्ष र विपक्षीबारे लामै छलफल चलिरहेको छ । गृहमन्त्रीले धारणा राख्ने र प्रतिपक्षीले सहयोग गर्ने र बजेटसम्बन्धी छलफल खुलाउने भन्ने हाम्रो कुरा छ । सानो तिनो कुरा उठाएर राजनीति अघि बढ्दैन,' गुरुङले भने ।

**सन्दर्भः वैदेशिक रोजगार**

श्रममन्त्री भण्डारी र मलेसियाका मानव संशाधनमन्त्रीबीच जेनेभामा भेटवार्ता

## नेपाली श्रमिकले भोग्दै आएका समस्या समाधानका लागि आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मलेसियासँग श्रम क्षेत्रको सहकार्य अझ मजबुत भई दुवै देशबीचको सम्बन्धलाई दीर्घकालीन मित्रतामा परिणत गर्ने विश्वास व्यक्त गरेका छन् । स्वीट्जरल्याण्डको जेनेभामा मलेसियाका मानव संशाधनमन्त्री स्टिभन सिम ची किओङसँगको द्विपक्षीय भेटवार्ताका क्रममा उनले यस्तो बताएका हुन् ।

मन्त्री भण्डारीले ठूलो संख्यामा मलेसियामा कार्यरत नेपालीहरूले दुवै देशको आर्थिक समृद्धिमा पुऱ्याएको योगदानको उच्च प्रशंसा गरे । जनस्तरमा भएको सम्बन्ध र समझदारीले दुई देशबीचको सम्बन्ध थप मजबुत बनाएको उनले बताए । नेपाली श्रमिकलाई रोजगारीको अवसर दिएकोमा मलेसिया सरकारप्रति आभारसमेत प्रकट गरे ।

उक्त छलफलको क्रममा मन्त्री भण्डारीले द्विपक्षीय सम्झौताको विषय उठाउँदै सन् २०१९ अक्टोबर २९ मा हस्ताक्षर गरिएको भर्ना, रोजगारी र पुनः प्रेषणसम्बन्धी सम्झौता २०२३ अक्टोबरमा समाप्त भइसकेको स्मरण गराउँदै मलेसिया सरकारले शीघ्र अन्तिम रूप दिनेमा नेपाली पक्ष आशावादी रहेको बताए । 'दुवै देशका सम्बन्धित मन्त्रालयहरूले नयाँ सम्झौताको प्रारम्भिक मस्यौदा आदानप्रदान गरिसकेको छ, मलेसियाली मानव संशाधन मन्त्रालयद्वारा नयाँ मस्यौदाको अध्ययन भइरहेको छ, आशा गरौं मलेसिया सरकारको तर्फबाट छिट्टै टुंगो लाग्ने छ,' उनले भने ।

सामाजिक सुरक्षा संगठनले लागू गरेको नयाँ २४ घण्टे सुरक्षा योजनाबारे मन्त्री भण्डारीले यसबाट श्रमिकहरूको कामबाहेकको समयमा पनि मृत्यु, दुर्घटना र अन्त्येष्टि खर्चको व्यवस्था हुने भन्दै उच्च सराहना गरेका छन् । उनले विदेशी श्रमिकहरूका लागि एक हजार ७०० मलेसियन रिंगेट न्यूनतम तलबलाई कार्यान्वयन गरेकोमा मलेसिया सरकारप्रति कृतज्ञता व्यक्त गरे ।

उक्त अवसरमा मन्त्री भण्डारीले मानव संशाधनमन्त्री किओङलाई मलेसियामा नेपाली श्रमिकहरूले भोग्दै आएका समस्याको गम्भीरतापूर्वकसमाधान गर्न आग्रह गरे ।

क्रमशः पृष्ठ २ मा

## आर्थिक सहायताको निवेदन स्थानीय तहमार्फत दिन बोर्डको आग्रह




**काठमााडौं (प्रस)–** वैदेशिक रोजगार बोर्डले आर्थिक सहायताका लागि स्थानीय तहमार्फत निवेदन दिन अनुरोध गरेको छ । बोर्डले मंगलबार एक सूचना जारी गर्दै वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ को उपनियम ७ बमोजिम आर्थिक सहायता पाउनका लागि स्थानीय तहमार्फत निवेदन दिन भनेको हो । बोर्डले दिँदै आएको कल्याणकारी कामअन्तर्गतका सेवा लिन कतिपय सेवाग्राही बोर्डमै पुग्ने गरेकाले स्थानीय तहमार्फत आवेदन दिन भनेको हो ।

बोर्ड सचिवालयबाट रोजगारीका क्रममा श्रमिकको मृत्यु र अंगभंग भए आर्थिक सहायता, कामदारको परिवारलाई घातक रोग लाग्दा पाइने उपचार खर्च, रोजगारीको सिलसिलामा श्रमिकको मृत्यु, अंगभंग वा गम्भीर बिरामी भए विद्यालयस्तरमा अध्ययनरत सन्ततिलाई छात्रवृत्तिलगायतका सेवाहरू पाउँदै आएका छन् ।

बोर्डले स्थानीय तहहरूलाई 'फारेन इम्प्लोइमेन्ट वेलफेयर इन्फरमेसन म्यानेजमेन्ट सिस्टम'मा पहुँच दिइसकिएको हुँदा, बोर्डबाट प्रदान गरिने सम्पूर्ण कल्याणकारी सेवाहरूका लागि सोही प्रणालीमार्फत आवेदन पेस गर्न सम्बन्धित सरोकारवालालाई समेत अनुरोध गरेको छ ।

क्रमशः पृष्ठ २ मा


**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८१/०८२ को बक्यौता रकम २०८२ असार मसान्तभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं, नेपाल
फोन: ९७७–१–४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

भारतबाट फर्किनेमा कोरोना संक्रमण

# एक सातामै १६ जनामा कोरोना संक्रमण पुष्टि, पर्याप्त कीट नहुँदा परीक्षणमा समस्या

**दोधारा चाँदनी (कञ्चनपुर)–** सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका अनुसार पछिल्लो एक सातामा मात्रै भारतबाट फर्किएका १६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । कैलालीको त्रिनगर नाका र बैतडीको झुलाघाट नाकाबाट भित्रिएकाहरूमा दिनहुँ संक्रमण देखिन थालेको हो । नाकामा रहेका हेल्थ डेस्कहरूमा पर्याप्त कीट नहुँदा परीक्षण हुन सकेको छैन । सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका अनुसार मंगलबार पनि सुदूरपश्चिममा भारतबाट आएका दुई जनामा संक्रमण पुष्टि भएको छ ।

निर्देशनालयका अनुसार गौरीफन्टा र झुलाघाट नाकामा एक/एक जनामा संक्रमण देखिएको हो । सुदूरपश्चिमका विभिन्न नाकाबाट ६४३ जना नेपाल भित्रिएका थिए । जसमध्ये १४ जनाको परीक्षण गरिएकोमा दुई जनामा संक्रमण पुष्टि भएको हो । गड्डाचौकी नाका भारतको राजधानी दिल्लीबाट सबैभन्दा नजिकको नाका हो । यही नाका भएर भारतका विभिन्न ठाउँका लागि नेपाल–भारतमैत्री बसहरू लागि सञ्चालनमा छन् । परीक्षण कीट नहुँदा यात्रुको स्वास्थ्य परीक्षण गर्न सकिएको छैन ।


त्रिनगर नाकामा कोरोना संक्रमण पुष्टि भएका अधिकांश भारतको दिल्लीबाट घर फर्किएका व्यक्ति थिए । यसले सुदूरपश्चिममा कोरोनाको जोखिम उच्च देखाएको स्वास्थ्यकर्मीहरू बताउँछन् । विभागले २०० कीट पठाएसँगै प्रदेशमा अहिले ३७० कीटमात्रै उपलब्ध रहेको सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

कञ्चनपुरको गड्डाचौकी नाकामा १०० कीट मंगलबार उपलब्ध भएपछि परीक्षण सुरु गरिएको हो । जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख ओमप्रकाश जोशीले मंगलबारदेखि नाकामा परीक्षण सुरु गरिएको बताए । 'हामीसँग १०० कीटमात्रै आएको छ यो पर्याप्त होइन,' उनले भने, 'अहिले नाकामा लक्षण देखिएकाहरूको मात्रै परीक्षण गर्ने व्यवस्था मिलाएका छौं ।' उनका अनुसार मंगलबार गड्डाचौकी नाकामा सात जनाको परीक्षण गरिएको थियो ।

स्वास्थ्यकर्मीहरूले हेल्थ डेस्कमा भारतबाट फर्किएकाहरूको स्वास्थ्य अवस्था र लक्षणका बारेमा सोधपुछ तथा मलेरिया, डेंगीलगायतका अन्य परीक्षण र परामर्श गर्ने गरेका छन् । 'आउने आप्रवासीहरूलाई कडाइ त गरेका छौं तर कीटको अभावले परीक्षण गर्न सकिएको छैन,' गड्डाचौकी हेल्थ डेस्क प्रमुख विशाल भट्टले भने, 'शंकास्पद देखिएकालाई एक हप्ता घर परिवारका सदस्यबाट टाढा बस्न सम्झाइबुझाइ पठाउने गरेका छौं ।'

विगतका वर्षहरूमा समयमा नाकामा कडाइ गर्न नसक्दा संक्रमण फैलिएकाले सरकारले नाकामा कडाइ गर्नुपर्ने स्थानीय बताउँछन् । 'गड्डाचौकी नाकाबाट आउनेहरूको कोभिड परीक्षण हुन सकेको छैन,' स्थानीय पदम थापाले भने, 'नाकाबाट फर्किनेहरू स्वाथ्य परीक्षणका लागि हेल्थ डेस्कमा जाँदैनन् सुरक्षाकर्मीले रोकेको देखिँदैन ।' उनले भारतबाट आउने जीप, कार र बसहरू नाकामा नरोकी सीधै नेपाल प्रवेश गर्ने गरेको उल्लेख गर्दै प्रशासनले नाकामा रोकेर हेल्थ डेस्कमा जाँच गराउनुपर्ने बताए । कोरोना महामारीपछि सुदूरपश्चिममा कञ्चनपुरको गड्डाचौकी, कैलालीको त्रिनगर, बैतडीको झुलाघाट र दार्चुलामा हेल्थ डेस्क स्थापना गरिएका छन् । *रासस*

# रासससमा तामाङ भाषाको समाचार सुरु गर्ने सञ्चारमन्त्रीको प्रतिबद्धता



**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राष्ट्रिय समाचार समिति (रासस)बाट तामाङ भाषाको समाचार सेवा सुरु गर्ने प्रतिबद्धता जनाएका छन् ।

तामाङ पत्रकार संघले रासससमा तामाङ भाषाको समाचार सेवा सुरु गर्न मागसहित बुधबार ज्ञापनपत्र बुझाएको थियो । ज्ञापनपत्र बुझ्दै मन्त्री गुरुङले रासससमा तामाङ भाषामा समाचार सेवा सुरु गर्ने प्रतिबद्धता जनाएका हुन् । 'ढिलो चाँडो तामाङ भाषामा समाचार सेवा रासससमा सुरु गर्छौं,' मन्त्री गुरुङले भने । राससले हालसम्म नेपाली, अंग्रेजी, नेपाल र मैथिली भाषामा समाचार सेवा दिँदै आएको छ । संघका अध्यक्ष नेत्र तामाङसहितको टोलीले मन्त्री गुरुङलाई भेट गरी ज्ञापनपत्र बुझाएको थियो ।

बागमती प्रदेश सरकारले तामाङ भाषालाई बागमती प्रदेशको कामकाजी भाषा घोषणा गरेको एक वर्ष पूरा भइसकेको छ । नेपालको जनगणना २०७८ अनुसार नेपालमा तामाङ भाषा बोल्नेहरूको संख्या १४ लाख २३ हजार बढी छन् । शिक्षा, सञ्चार क्षेत्रमा यसको प्रयोग कम हुँदै गएकाले तामाङ भाषा बोल्नेको संख्या घट्दो छ ।

## भोट भाषाको समाचार सेवा सुरु गर्न महासंघको आग्रह

नेपाल बौद्ध महासंघले सरकारी सञ्चारमाध्यमहरूबाट भोट भाषामा समाचार, सूचना तथा कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारणको व्यवस्था गर्न सरकारसँग माग गरेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङसमक्ष बुधबार ज्ञापनपत्र बुझाउँदै महासंघले गोरखापत्र, रेडियो नेपाल तथा नेपाल टेलिभिजनजस्ता राष्ट्रिय प्रसारण संस्थामार्फत भोट भाषामा समाचार, सूचना तथा कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारण व्यवस्थाका लागि पहल गरिदिन आग्रह गरेको हो ।

महासंघका अध्यक्ष नुर्बुथुण्डु शेर्पाले विशेषगरी देशका हिमाली र पहाडी क्षेत्रका बासिन्दाले प्रयोग गर्दै आएको भोट भाषाको संरक्षण र प्रवर्द्धन गर्ने जिम्मेवारी नेपाल सरकारको रहेको उल्लेख गर्दै मातृभाषाको पक्षमा वकालत गर्ने सञ्चारमन्त्री गुरुङकै कार्यकालमा भोट भाषाले प्राथमिकता पाउने विश्वास व्यक्त गरे ।

महासंघले बुधबार बुझाएको ज्ञापनपत्रमा नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक राष्ट्र भएकाले विविधतायुक्त समुदायको भाषा, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्नु राज्यको संवैधानिक दायित्व रहेको उल्लेख छ । यसैगरी भोट भाषा केवल सम्प्रेषणको माध्यममात्र नभइ शैक्षिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक दृष्टिले पनि अत्यन्तै महत्त्वपूर्ण रहेको र बौद्ध धर्मका मूलशास्त्रहरूमा सातौं शताब्दीतिर नै भोट भाषामा अनुवाद गरिएको ऐतिहासिक तथ्य प्रमाणसहितको दस्तावेज फेलापरेको समेत ज्ञापन पत्रमा उल्लेख छ ।

नेपालमा सञ्चालित गोन्पा शिक्षाको सन्दर्भमा २०६५ सालदेखि पाठ्यक्रम विकास केन्द्रबाट माध्यमिक तहसम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तक भोट भाषामा तयार गरी गोन्पा तथा सामुदायिक विद्यालयहरूमा पठनपाठन भइरहेको छ ।

# तीन दिनभित्र काज फिर्ता नगरे कारबाही

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संघीय अस्पताल तथा मातहतका निकायमा सरुवा भए पनि हाजिर नगराइएका कर्मचारीलाई तीन दिनभित्र हाजिर नगराए कारबाही गर्ने चेतावनी दिएको छ । सरुवा भए पनि कर्मचारीहरूलाई हाजिर नगराइएको तथा काजमा लामो समय कार्यरत रहेको गुनासोपछि स्वास्थ्यमन्त्री प्रदीप पौडेलले यसलाई रोक्न तीन दिनभित्र हाजिर गराउने व्यवस्था गर्न अधिकारीहरूलाई भनेका थिए ।

लगत्तै मन्त्रालयको कर्मचारी प्रशासन शाखाले संघीय अस्पताल तथा मातहतका कार्यालयमा पत्र पठाउँदै तीन दिनभित्र कर्मचारीहरूलाई हाजिर नगराए विभागीय कारबाही तथा सेवा सुविधा बापतको रकम असुलउपर गर्ने सचिवस्तरीय निर्णयको ब्यहोरासहितको पत्र पठाएको हो ।

स्वास्थ्य सेवामा आफ्नो दरबन्दीभन्दा बाहिर काजमा बस्ने प्रवृत्ति धेरै रहेको र यसकै कारण सरुवा भएकालाई समेत हाजिर गराउन नसकिएको गुनासो सुनिने गरेको थियो । सोही गुनासो सम्बोधन गर्न मन्त्रालयले कडा चेतावनीसहितको पत्र पठाएको हो । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले अटेर गरेमा विभागीय कारबाही गरिने बताए ।


दावी विरोध सम्बन्धी

वैदेशिक रोजगार विभाग, काठमाडौंको

**सूचना**

प्रकाशित मितिः २०८२/०२/२९

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **All Cornice Overseas Service Pvt. Ltd.** (इ.प.नं. 843/066/67) को संचालक/सेयरधनीले आफ्नो नाममा कायम रहेको सेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम सेयर हक हस्तान्तरण तथा नामसारीको सह दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम सेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| साविक सेयरधनीको नाम / सेयर संख्या | अब कायम हुने सेयरधनीहरुको नाम / सेयर संख्या |
|---|---|
| १. श्री विष्णु बहादुर भण्डारी (०१-५८५००)<br>२. श्री कृष्ण बहादुर खत्री (५८५०१-६००००) | १. श्री सुर्य विक्रम पाण्डे (०१-३००००)<br>२. श्री बलराम श्रेष्ठ (३०००१-४३५००) (५८५०१-६००००)<br>३. श्री विष्णु बहादुर भण्डारी (४३५०१-५८५००) |

**कनकाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**जामुनबारी, झापा**

**सूचना सच्याइएको बारे**

मिति २०८२/०२/२८ गते कनकाई नगरपालिकाको प्रभाव दैनिकमा प्रकाशित सूचना (ठेक्का नं.:- नगर प्रहरी ब्यारेक निर्माण, Kanakai/NCB/Works/10/081-82) मा बोलपत्र फारम दस्तुर रू: ३,०००/- हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Overseas Employment (P.) Ltd.** (ई.प.नं. १२०८/०७३/०७४) मा कार्यरत **रुपा थापा** (**ना.प्र.प्र.नं: २४-०१-७४-०६४३४**) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

**डिभिजन वन कार्यालय भक्तपुरको हार्दिक अनुरोध**

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँसजता ज्वलनशील पदार्थहरु सुरक्षितरुपमा व्यवथापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढा राखौं,
- चुरोट, बिडीका ठूटा जथाभावी नफालौं । यसले आगलागिको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौं, स्थानीय प्रशासनलाई खबर गरौं,
- वनजंगलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खवर गरौ,
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं ।

**डिभिजन वन कार्यालय भक्तपुर**

**डढलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान ।**

**नेपाल सरकार**

**स्वास्थ्य बीमा बोर्ड**

**बबरमहल, काठमाडौ**

**स्वास्थ्य बीमा कार्यक्रममा सहभागी होऔं, समयमै स्वास्थ्य बीमा गरौं**

**योगदान रकम तथा सुविधा योजना**

| परिवार सदस्य | योगदान रकम | सुविधा सीमा |
|---|---|---|
| १ देखि ५ जना सम्म | रू.३,५००/- | रू. १,००,०००/- |
| प्रति थप सदस्यको लागि | रू.७००/- | थप सुविधा रकम रू. २०,०००/- |

**अधिकतम सुविधा थैली रु. २,००,०००/- सम्म**

- अति गरिब, अति अशक्त अपाङ्गता (रातो कार्ड), कुष्ठरोगी, एच. आई. भी. संक्रमित, जटिल खालका क्षयरोग (एम. डि. आर. टि. बी.) बिरामी, ७० बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शत प्रतिशत छुट र महिला स्वास्थ्य स्वयंमसेविका संलग्न भएको परिवारको योगदान रकमको पचास प्रतिशत छुट ।
- स्वास्थ्य बीमामा सूचिकृत भएका स्वास्थ्य संस्थाबाट नियमानुसार सेवा लिन सकिने र आवश्यकता अनुसार प्रेषणको (Refer) व्यवस्था भएको।

**आबद्धता तथा नविकरण**

- प्रत्येक वडाहरुमा रहने स्वास्थ्य बीमा दर्ता सहयोगीमार्फत स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सकिन्छ।
- बीमा नविकरणको लागि सम्बन्धित दर्ता सहयोगी वा अनलाईनमार्फत आफै (Connect IPS, eSewa, Khalti ) पनि गर्न सकिन्छ ।

**कार्यक्रमबाट प्राप्त हुने सुविधाहरू**

- बहिरंग (OPD सेवा)
- अन्तरंग सेवा (अस्पतालमा भर्ना भई गरिने सेवा)
- निदात्मक सेवा (Lab, X–Ray, USG, MRI, CT scan etc)
- आकस्मिक सेवा (ईमरजेन्सी सेवा), सुविधा थैलीमा उपलब्ध औषधीहरु
- शल्यक्रिया सेवा (विभिन्न साना तथा ठूला)
- शल्यक्रिया सेवा (विभिन्न साना तथा ठूला) लगायतका सेवाहरु ।

**कार्यक्रमले नसमेट्ने सेवाहरू**

- वार्षिक रुपमा बोर्डले तोकेभन्दा बढीको चस्मा, श्रवणयन्त्र, सेतो छडी र वैशाखी
- कस्मेटिक सर्जरी
- आधारभुत स्वास्थ्य सेवा
- निशुल्क उपलब्ध हुने औषधिहरु
- महंगा खालका दन्त उपचार
- कृतम गर्भपतन, कृत्रिम गर्भाधान सेवा ।

**विस्तृत जानकारीका लागि**

फोनः ०१-४१००२२३, टोल फ्रिः१६६००१११२२४, वेबसाईटः www.hib.gov.np

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**

**मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं**

**फोन नं ४५६१३२७, ४५६१७५६**

**सदस्य सेवा केन्द्र न्युरोड काठमाडौं**


**कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति २०८२/०२/२९ गते**

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीहरूले यस संस्थासँग कर्जा लिदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा र व्याज रकम समय-समयमा भुक्तानी गर्नु पर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा, व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक पटक मौखिक तर/ताकेता गर्नुका साथै पटक पटक पत्रद्धारा जानकारि गराउँदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समयभित्र आफ्नो सम्पूर्ण साँवा, व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नु हुन यसै सूचनाद्वारा जानकारी गरिन्छ । माथि उल्लेखित समयवधिभित्र ऋणीहरूले कर्जा नतिरेमा ऋणीहरू तथा जमानीकर्ताहरू आफैंले उक्त कर्जा लिँदा गरेको व्यक्तिगत धनजमानी, लिखतका कबुल शर्त अनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । तोकिएको अवधिभित्र पनि साँवा, व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य विद्यमान कानूनमा व्यवस्था भए अनुसार ऋणीहरूले कर्जा लिंदा कर्जा सुरक्षण बापत लेखिदिएको धितो लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनुका साथै यो धितोबाट असुलउपर नहुने अवस्थामा बाँकी रहेमा ऋणीहरू र धन जमानीहरूको अन्य श्रीसम्पत्तिहरूबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

**तपसिल**

| ऋणीको बिवरण | साक्षी/जमानीको बिवरण | धितो बिवरण |
|---|---|---|
| <br>नाम थर : **कमला कुमारी लम्साल**<br>बुबाको नाम : ऋषेश्वर लम्साल<br>बाजेको नाम : धनपती लम्साल<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं.-७ (हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.-६)<br>हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं.-६<br>**ना.प्र.न.१५५४** | नाम थर : **बिनय कुमार भट्ट** <br>बुबाको नाम : ज्ञान प्रसाद भट्ट<br>बाजेको नाम : चेतनाथ भट्ट<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला<br>साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं.-७<br>(हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.-६)<br>हालको ठेगाना :- मकवानपुर जिल्ल हेटौडा उ.म.न.पा. वडा नं.-६<br>**ना.प्र.न. ३११००९/४३५२८** | **जग्गाधनीको नाम थर** : **कमला कुमारी लम्साल**<br>**ठेगाना** : मकवानपुर जिल्ला<br>गा.वि.स./न.पाः गढी, वडा नं. ६<br>**किता नं** : ८८९<br>**क्षेत्रफल** : १-१५-३-२ (१०१३।५१ ब.मि) |
| | नाम थर : **बिनोद कुमार भट्ट** <br>बुबाको नामः- ज्ञान प्रसाद भट्ट<br>बाजेको नामः- चेतनाथ भट्ट<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला<br>साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं. ७<br>(हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.६)<br>हालको ठेगानाः- काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं.-८, **ना.प्र.न. ५१/३३९३४** | **जग्गाधनीको नाम थर**: ज्ञान प्रसाद भट्ट<br>**ठेगाना** : मकवालपुर जिल्ला,<br>घोप्टे आमभञ्ज्याङ्ग, वडा नं.: ८<br>**किता नं** : १४४२<br>**क्षेत्रफल** : २-०-०-० (१०१७४८ ब.मि) |
| <br>नाम थर : अमिर बल लामा<br>बुबाको नाम : हर्ष बहादुर बल<br>बाजेको नाम : हरि बहादुर बल<br>स्थायी ठेगाना : पदमपोखरी-८, मकवानपुर<br>हालको ठेगाना : हेटौडा-३, बुट्वल<br>**ना.प्र.न.२३/१७३०६** | <br>नाम थर : **अनिता लामा**<br>बुबाको नाम : पन्च बहादुर भ्लोन<br>बाजेको नाम : धन बहादुर भ्लोन<br>स्थायी ठेगाना : हेटौडा-३, बुट्वल | **जग्गाधनीको नाम थर** : हर्ष बहादुर बल<br>**ठेगाना** : मकवानपुर जिल्ला,<br>गा.वि.स.: साविक पदमपोखरी, वडा नं. ८<br>**किता नं** : ३६६१<br>**क्षेत्रफल** : ०-७-०-० (विघा र ०-२०-२०-२०) २३७०.४१ ब.मि |

| | समुहिक जमानिकर्ता | | |
|---|---|---|---|
| <br>नाम थर : **किरण प्र. घिमिरे**<br>बुबाको नाम : ज्वाला प्रसाद घिमिरे<br>बाजेको नाम : हरि प्रसाद घिमिरे<br>स्थायी ठेगाना : पौराही-२, रौतहट<br>हालको ठेगाना : कालोपुल, काठमाडौं,<br>**ना.प्र.न.१२८२** | <br>नाम थर : **विमला थामी**<br>बुबाको नाम : सन्तविर थामी<br>बाजेको नाम : दुधविर थामी<br>स्थायी ठेगाना : सिन्धुली जिल्ला, लदाभिर गा.वि.स ९ | <br>नाम थर : **ज्योती राई**<br>बुबाको नाम : डिल्लीमान राई<br>बाजेको नाम : मान ब. राई<br>स्थायी ठेगाना : रौतहट जिल्ला, पौरही गा.वि.स २ | <br>नाम थर : **वलुमाया निरौला**<br>बुबाको नाम : डाक ब. निरौला<br>बाजेको नाम : ढल ब. निरोला<br>स्थायी ठेगाना : खोटाङ जिल्ला, ऐसेलुखर्क गा.वि.स १ |
| <br>नाम थर : रामबाबु चौधरी<br>बुबाको नाम : लक्ष्मी साह कल्वार<br>बाजेको नाम : सुबा साह कल्वार<br>स्थायी ठेगाना : सर्लाही जिल्ला, साविक खैर्वा गा.वि.स ५<br>हालको ठेगाना : गोकर्णेश्वर-५, काठमाडौं<br>**ना.प्र.न. ५७३६६३** | <br>नाम थर : **चुडा राज सेढाई**<br>बुबाको नाम : पदम नारायण सेढाई<br>बाजेको नाम : शिवनाथ सेढाई<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, विर्ता देउराली गा.वि.स ४ | <br>नाम थर : **श्याम बाबु चौधरी**<br>बुबाको नाम : लक्ष्मी साह कल्वार<br>बाजेको नाम : सुबा साह कल्वार<br>स्थायी ठेगाना : सर्लाही जिल्ला, साविक खैर्वा गा.वि.स ५ | <br>नाम थर : **कौशल्या देवी**<br>श्रीमानको नाम : श्याम बाबु चौधरी<br>बाजेको नाम : लक्ष्मी शाह कल्वार<br>स्थायी ठेगाना : सर्लाही जिल्ला, रामनगर गा.वि.स १, खैर्वा |
| <br>नाम थर : काशीनाथ पौडेल<br>बुबाको नाम : भिम प्रसाद पौडेल<br>बाजेको नाम : नर नारायण पौडेल<br>स्थायी ठेगाना : गोविन्दपुर-७, मोरङ<br>हालको ठेगाना : का.म.न.पा-२२, खिचापोखरी<br>**ना.प्र.न.८०३-३९६** | <br>नाम थर : **इन्द्र प्रसाद ढकाल**<br>बुबाको नाम : पिताम्बर ढकाल<br>बाजेको नाम : टिकाराम ढकाल<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स ५ | <br>नाम थर : **भानुभक्त शर्मा धमला**<br>बुबाको नाम : शशीधर शर्मा धमला<br>बाजेको नाम : छविलाल शर्मा धमला<br>स्थायी ठेगाना : मोरङ जिल्ला, राजघाट गा.वि.स ५, दुर्गापुरी | <br>नाम थर : **बिजय वराल**<br>बुबाको नाम : भवानी प्रसाद वराल<br>बाजेको नाम : कृष्ण प्रसाद वराल<br>स्थायी ठेगाना : मोरङ जिल्ला, केरौन गा.वि.स १ |

**खाँडाचक्र नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मान्म, कालिकोट**

**कर्णाली प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८२/०२/२९**

उपर्युक्त विषयमा यस खाँडाचक्र नगरपालिका कर्यालयबाट चालु आ.व.मा यस नगरपालिका वडा नं. ०१ मान्म बजार स्थित मान्म बजार आर.सि.सि सडक Protection works कालागि सिलबन्दी दरभाउपत्र आब्हान सम्बन्धि मिति २०८२/०२/११ गतेको EGP मा दोस्रो पटक प्रकाशित सूचना अनुसार तल उल्लेखित ठेक्काका लागि रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न दरभाउपत्र न्यूनतम मूल्याकिंत र सारभूतरुपमा प्रभावग्राहि भै स्वीकृतको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

| खरिद नं. | योजनाको नाम | स्विकृत हुने फर्महरुको नाम | कबोल अंक (मु.अ.कर र PS सहित) |
|---|---|---|---|
| KM/PWMBRRCP/SQ/W/01/2081/082(Re) | (Protection works of Manma Bazzar RCC Road Khandachakra Municipality-01, Kalikot (Package-1) | श्री कर्णाली कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्,खाँडाचक्र नगरपालिका -१, कालिकोट | **1,695,581.57** |

**प्रमुख प्रशासकिय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## वैदेशिक रोजगारीमा जानेहरूको स्वास्थ्यमा ध्यान देऊ

**अहिले देशको अर्थतन्त्र धान्ने स्रोत बनेको छ, रेमिटचान्स । मन्त्री र सचिवहरू आफ्नो ढुकुटीमा रेमिटचान्सले भरिसकेकोले १३ महिना ढुक्क खान पुग्ने भन्दै भाषण दिन्छन् । विभिन्न देशमा परिवारको भविष्य बनाउन ज्यानको बाजी ठोकेर, अनेकन विघ्नबाधा सहेर वैदेशिक रोजगारीमा पुगेपछि हो उनीहरूले कमाएर पठाउने । ती कतिपय बाकसमा फर्किन्छन् । कारण स्वास्थ्यमा गरिएको बेवास्ता ।**

**सरकारले दिएको आधिकारिक तथ्यांक नै हेर्ने हो भने पछिल्लो १० वर्षमा यसरी विदेशमा पसिना बगाउन पुगेकामध्ये १० हजार ४२० जना बाकसमा फर्किएका छन् । सरकारले उनीहरूको स्वास्थ्यमा लगानी गर्न छाडेर बाकसतिर भने लगानी गरेको छ । औपचारिकभन्दा दैनिक कति धेरै अनौपचारिक घटना हुन्छन् जो सरकारको ट्र्याकमा देखिएको छैन ।**

**यसरी कार्यरत अवस्थामै मृत्यु हुनेमा एक हजार ६५८ जना देखिन्छन् भने एक हजार २२७ जनाले त आफैंले आफैंलाई हत्या गरेका छन् । २२५ जनाको मृत्युको कारण नै खुल्न सकेको छैन । सबैभन्दा धेरै बिरामी भएर मृत्यु भएको देखिन्छ । यसरी हेर्दा रोजगारीका लागि वैदेशिक यात्रामा पुगेकाहरूमा ठूलो रूपमा मानसिक रोग भएको देखिन्छ । यसैगरी शारीरिक रोगको मात्रा पनि उस्तै देखिन्छ ।**

**जुनसुकै कामका लागि शरीर तन्दुरुस्त हुनुपर्छ । त्यसका लागि रोजगारदाता मुलुकले पनि सबैभन्दा पहिले कामदारको स्वास्थ्यलाई प्राथमिकतामा राखेको हुन्छ । रोजगारीमा जाने पहिलो मापदण्ड स्वास्थ्य हो । तर नेपालमा कतिपय रोजगार कम्पनी जसले विदेश पठाउँछन्, झूटा रिपोर्ट तयार गरी श्रमिक पठाउने गर्छन् । जसको सीधा असर श्रमिक र उसको परिवारलाई पर्छ । अप्रत्यक्ष असर नेपाल र रोजगारदाता मुलुकलाई पर्छ । अझ यस्ता कदमले नेपालमाथिको विश्वासमा ह्रास आउँछ ।**

**रोजगारदाता मुलुकलाई विश्वासमा राख्नमात्र हैन आफ्नो नागरिकको जीवन रक्षाका लागि पनि नेपाल सरकारले स्वास्थ्यमा विशेष ख्याल राख्नुपर्छ । यसका लागि स्वास्थ्य मापदण्डमा कडाइ गर्नपर्छ । यसले एक त रेमिटचान्स पनि बढ्छ भने सरकारप्रति जनताको भरोसा । यसका लागि सरकारले डिजिटल माध्यमबाट 'हेल्थ ट्र्याक' गर्ने प्रणालीको विकास गर्न सकिन्छ । जसले गर्दा मेडिकल व्यवसायीले तयार गर्न सकिने फेक रिपोर्टमा नियन्त्रण पनि आउँछ ।**

### श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# विप्रेषणमा टिकेको नेपालको अर्थतन्त्र



■ डा. उदय रानामगर

> वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको विद्यमान आर्थिक अवस्थालाई कमजोर हुन नदिन सञ्जिवनीको काम गर्दै आएको छ । देशमा पर्याप्त मात्रामा रोजगारी सिर्जना हुन नसकिरहेको अवस्थामा वैदेशिक रोजगारी नेपालको हकमा अपरिहार्य भएको छ । देशभित्र नै रोजगारी सिर्जना गर्नु भनेको मजबुत अर्थतन्त्र र विकासका लागि प्रस्थान बिन्दु हो । तर रोजगारीको अवसर देशभित्र पर्याप्त मात्रामा नहुँदा वैदेशिक रोजगारी एकमात्र विकल्प बनेको छ । वैदेशिक रोजगारमा जाने व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्छ भने आर्थिक कूटनीति र श्रम कूटनीतिको माध्यमबाट वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्दछ ।

विश्वव्यापीकरणपछि विश्वमा आप्रवासन एक तातो मुद्दा बनेको छ । विश्व आप्रवासन संगठन (आइओएम)को अनुमानअनुसार सन् २०२० मा विश्वमा करिब २८ करोड १० लाख अन्तर्राष्ट्रिय आप्रवासी छन्, जुन विश्वको जनसंख्याको ३.६ प्रतिशत हो । विश्वव्यापीकरणसँगै विश्वको जनसंख्यालाई एउटा भौगोलिक सीमाभित्र सीमित गर्न सकिँदैन । यसको कारण विश्वमा जता रोजगारी तथा व्यापारको अवसर छ, त्यता नै युवाको चाप बढ्ने गरेको छ । आप्रवासनबाट प्राप्त हुने विप्रेषण प्रायः देशका लागि प्राथमिक स्रोतको रूपमा रही आएको छ । विश्वमा सन् २०२२ मा अन्तर्राष्ट्रिय आप्रवासीहरूबाट ८३१ अर्ब अमेरिकी डलर विप्रेषण आर्जन भएको देखिन्छ । विश्वबजारमा आप्रवासीहरूको संख्या विभिन्न कालखण्डमा बढेर गएको छ ।

विश्वव्यापीकरणको कारण सन् १९७० को दशकमा विश्वको कूल जनसंख्याको २.३ प्रतिशत जनसंख्यामात्र आप्रवासनमा जाने गरेकामा सन् २०२४ मा आउँदा बढेको देखिन्छ । यसले विश्वव्यापीकरण पश्चात् विश्वका प्रायः सबै देशहरूबाट मानिसहरू आप्रवासनमा जाने प्रवृत्ति बढेको देखिन्छ ।

सन् २०२३ मा प्रकाशित विश्व आर्थिक फोरमको रिपोर्टअनुसार सन् २०२७ सम्म विश्वको बजार श्रमशक्तिको प्रवृत्ति परिवर्तन हुँदै जाने र वर्तमान श्रमबजार संरचनामा २३ प्रतिशत रोजगारी संशोधित परिवर्तन हुने र ४४ प्रतिशत विद्यमान सीप रोजगारीलाई प्रत्यक्ष प्रभाव पर्ने उल्लेख छ । यसले विश्व श्रमबजारमा आठ करोड ३० लाख जनसंख्यालाई प्रत्यक्ष प्रभाव पार्ने र नयाँ सीप भएका करिब छ करोड रोजगारी सिर्जना हुने पनि प्रक्षेपण गरिएको छ । यसले बजारमा थप अवसर र चुनौतीको सिर्जना गरेको छ ।

दक्षिण एसियाली मुलुकहरूबाट वैदेशिक रोजगारीमा जानेको संख्या अन्य क्षेत्रको तुलनामा बढी छ । यो प्रवृत्ति नेपाल पनि उल्लेख्य छ । नेपाल सरकारले निषेध गरेको देशबाहेक जुनसुकै देशमा नेपालीहरू रोजगारीका लागि जानसक्ने व्यवस्था छ । हाल नेपाल सरकारले वैदेशिक रोजगारीका लागि १११ देशलाई स्वीकृति दिएको छ । यसबाट देशबाहिर रोजगारीमा जानेका लागि अवसरहरू बढ्दै गरेको देखिन्छ । प्रा.डा. विश्वम्भर प्याकुरेलका अनुसार नेपालमा मध्यमस्तरको आर्थिक वृद्धि हुँदा पनि आर्थिक वृद्धि र रोजगारीबीच कुनै सम्बन्ध देखिँदैन । यो हुनुको प्रमुख कारण विशेष गरेर बढी रोजगारी प्रदान गर्ने निर्माण र कृषि क्षेत्रमा नभएर आर्थिक वृद्धि सेवा क्षेत्रमा सीमित भएकोले हो । तथ्यांकले के देखाउँछ भने एक प्रतिशत जिडिपी वृद्धि हुँदा सेवा क्षेत्रबाट मात्र ०.६१ प्रतिशत रोजगारी वृद्धि भएको छ । यसले नेपालमा रोजगारीको अभावलाई झनै बल्झाएको देखिन्छ । यसको कारण रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य छ । अर्कातर्फ नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण स्रोतको रूपमा रहेको विप्रेषणको विगत १० वर्षको औसत अवस्था हेर्दा कूल गार्हस्थ उत्पादनमा औसत अंश २३ प्रतिशत रहेको देखिन्छ ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको आर्थिक संरचनालाई नयाँ आकार दिएको छ । यहाँबाट बाहिरिने आर्थिकरूपमा सक्रिय जनसंख्याले नेपालको विकासमा असर त गरेको छैन भन्ने कुरा सोचनीय बनेको छ । हुन त नेपालको वैदेशिक रोजगारीको इतिहास त्यति पुरानो नभएता पनि आर्थिक उदारीकरण नीतिको अवलम्बनपश्चात् यो बढ्न थालेको देखिन्छ । सन् १९९० को दशकबाट तीव्र भई वैदेशिक रोजगारीमा जाने क्रम पनि बढेको देखिन्छ । नेपालमा वार्षिक नौ लाख मानिसहरू रोजगारी खोजीको क्रममा रहेको देखिन्छ । अध्ययनअनुसार एक प्रतिशत आर्थिक वृद्धि हुँदा ०.३३ प्रतिशतले रोजगारी वृद्धि हुने गरेको देखिन्छ । तर नेपालको सवालमा रोजगारीको पर्याप्त मात्रामा सिर्जना हुन नसक्दा युवा रोजगारीको खोजीमा विदेसिने गरेका छन् ।

वैदेशिक रोजगारीबाट देशमा विप्रेषण आएकोले आर्थिक क्षेत्रमा भरथेग पुगेको छ । खाडी मुलुकमा जाने नेपालीहरूबाट आउने विप्रेषण गास, बास र स्वास्थ उपचारजस्ता क्षेत्रमा खर्च हुँदा रेमिटचान्स पुँजी निर्माणमा उपयोगी हुन सकेको छैन । तथापि यो घरायसी आय र राष्ट्रिय जिडिपी वृद्धिका लागि प्रमुख स्रोत बनेको छ । यसले गर्दा रोजगारीको अवसर सिर्जना हुन नसक्दा फेरि पनि वैदेशिक रोजगारीमा जानेको संख्या बढ्ने गरेको छ ।

रेमिटचान्सले देशमा वैदेशिक मुद्राको सञ्चिति बढाउन छ । यसबाट समग्र वित्तीय क्षेत्रको विस्तार भई आर्थिक विस्तारमा मद्दत पुऱ्याइरहेको छ । विप्रेषणले घरायसी तहमा खाना, लत्ताकपडा, स्वास्थ्य हेरचाह र बालबालिकाको शिक्षाजस्ता अत्यावश्यक वस्तुहरूका लागि रकम उपलब्ध गराएर गरिबी घटाउन सहयोग गरेको देखिन्छ । घरायसी आय र आर्थिक वृद्धिका लागि विप्रेषण महत्त्वपूर्ण पक्ष बनेको छ भन्ने देखिन्छ ।

यद्यपि पुँजी निर्माणमा यसको खासै उपयोगता देखिएको छैन । कूल प्राप्त हुने रेमिटचान्सको ७९ प्रतिशत उपभोगमा नै खर्च हुने गरेको अध्ययनले देखाएको छ । जबकि प्राप्त भएको विप्रेषणको तीन प्रतिशतमात्र बचत हुने गरेको देखिन्छ ।

आर्थिक वृद्धिमा सकारात्मक योगदान दिने विप्रेषण अर्थतन्त्रको छोटो अवधिको समस्या समाधान गर्ने अवसर बनेको छ । विदेशी मुद्राको प्रमुख स्रोत, आयातमा योगदान गर्दै राजस्व वृद्धि, गरिबी न्यूनीकरण, भूइँतहका जनताको आधारभूत आवश्यकता परिपूर्ति, प्रतिव्यक्ति आय वृद्धि, शिक्षा, स्वास्थ्य, आवासमा लगानी वृद्धिद्वारा मानव पुँजी निर्माणमा सहयोगसिद्ध बनेको छ । तर पनि यो दीर्घकालीनरूपमा एउटै स्रोतमाथिको उच्चतमस्तरको निर्भरता मुलुकका लागि निकै जोखिमपूर्ण हुन्छ । विदेशी मुद्रा आर्जनको एकल स्रोतमाथिको निर्भरतालाई अर्थशास्त्रीय भाषामा डच डिजिज पनि भनिन्छ । यो तत्कालका लागि उपलब्धिमूलकजस्तो देखिएता पनि दिगो आर्थिक वृद्धि र विकासको दृष्टिले प्रत्युत्पादक बन्ने सम्भावना हुन्छ ।

पछिल्लो दुई दशकमा नेपालको अर्थतन्त्र न्यून आर्थिक वृद्धि र उच्च विप्रेषणको चपेटामा परेको छ । आन्तरिक रोजगारीका सीमित अवसर, वैदेशिक रोजगारीसँगै युवा पलायन, विप्रेषण आप्रवाहमाथिको अत्यधिक निर्भरताजस्ता समस्यासँग जुद्दै आएको छ । विप्रेषणमा मात्र धेरै भर पर्दा हामीले आन्तरिक उत्पादन बढाउनेतिर ध्यान दिन सकेको छैन । नेपालीहरूले विदेशबाट कमाएर ल्याएको रेमिटचान्स फेरि विदेशी सामान आयातमै खर्च हुने गरेको देखिन्छ ।

सन् २००६ मा गौडेलले नेपालको सन्दर्भमा गरेको अध्ययनअनुसार विप्रेषण विकासोन्मुख राष्ट्रका लागि विदेशी मुद्राको महत्त्वपूर्ण स्रोत रहने गरेको औंल्याइएको छ । यो भुक्तानी सन्तुलन र चालु खाता बचतका लागिसमेत महत्त्वपूर्ण हुने अध्ययनको निचोड छ । नेपालबाट रोजगारीका लागि विदेश जाने धेरै युवाले आफ्नो परिवारलाई निकै मिहेनत गरी विप्रेषण आर्जन गरी पठाउने गरेको उनको तर्क छ । यद्यपि, विप्रेषणको नकारात्मक पक्षले युवा पुस्तालाई लामो समयसम्म परिवारविना बाहिर बस्दा उनीहरूमा जोखिम बढ्ने गरेको र अन्ततः उनीहरूले आफ्नो मातृभूमि छोड्ने प्रवृत्ति बढेको निष्कर्ष रहेको छ ।

त्यसैगरी नेपाल राष्ट्र बैंकले सन् २०२३ मा प्रकाशित प्रतिवेदनअनुसार विप्रेषणका रूपमा भित्रिएको रकममध्ये दैनिक उपभोगमा मात्र ५८.७८ प्रतिशत खर्च हुने गरेको देखिएको छ भने शिक्षा तथा स्वास्थ्य क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च गर्ने गरेको पाइएको छ । अध्ययनमा समेटिएका परिवारमध्ये ९६.६१ प्रतिशत परिवारको दैनिक उपभोग खर्च वैदेशिक रोजगारीमा जानुपूर्वको तुलनामा बढेको पाइएको छ । त्यस्तै, ९६.१ प्रतिशत परिवारको चाडपर्व, मनोरञ्जन, सामाजिक खर्चसमेत बढेको पाइएको छ ।

विदेशबाट पठाएको पैसा विभिन्न क्षेत्रमा लगानी भएको स्थिति समीक्षा गर्दा अनुत्पादक क्षेत्रमा नै बढी लगानी भएको देखिन्छ । व्यापार व्यवसायमा लगानी गर्ने ६८.२१ प्रतिशत, घरघडेरीमा लगानी गर्ने ६५.८ प्रतिशत र गरगहना खरिद गर्ने ६३.१९ प्रतिशत रहेको छ । समग्रमा विप्रेषणले अर्थतन्त्रमा खेल्ने भूमिकालाई लिएर केही विवाद छ । यसले कम विकसित देशहरूको विकासमा योगदान गर्दछ भन्ने पक्ष एकतर्फ छ भने अर्कातर्फ जनशक्ति बाहिरिँदा देशको विकासले फड्को मार्न सक्दैन भन्ने पक्ष पनि त्यतिकै छ । नेपालमा विप्रेषणबाट आर्जित आयका कारण दलाल अर्थतन्त्र अर्थात् उत्पादन नै नगरी कमाउने बिचौलिया अर्थतन्त्र फस्टाएको भन्ने गरिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त भएका धेरैजसो विप्रेषण उपभोगमा मात्र खर्च गर्ने प्रवृत्तिका कारण देशको विकासमा योगदान गर्न सक्दैन भन्ने तर्क बलियो छ । अर्कातर्फ देशको युवा जनशक्ति बाहिरिँदा उत्पादन क्षेत्रमा संकुचन आई उपभोग्य वस्तुहरूसमेत बाहिरबाट नै आयात गर्ने अवस्था देखिन्छ । देशभित्र भित्रिएको विप्रेषणले फेरि पनि आयातलाई बढावा दिँदै आएकाले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैन भन्ने तर्क पनि छ । तथापि, विप्रेषण नेपाली अर्थतन्त्रका लागि अनिवार्य छ तर यो अर्थतन्त्रका लागि स्थायी स्रोत भने होइन ।

सरकारले श्रम आप्रवासीको रेकर्ड राख्न थालेदेखिको विवरण हेर्दा नेपाली कामदार सबैभन्दा बढी जाने गन्तव्य देशहरूमा मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुवेत मुख्य रहेको देखिन्छ । नेपाल भित्रने मानिसहरूको प्रवेश बढ्यो भने जिडिपी बढ्छ; यसको विपरीत यदि जिडिपीमा आकार सानो छ भने जनसंख्याको आगमन पनि घट्छ । त्यसकारण नेपालमा आउने पर्यटक वा वैदेशिक रोजगारीबाट फर्केका मानिस र कूल गार्हस्थ उत्पादनबीच एकतर्फी सकारात्मक सम्बन्ध भएको देखिन्छ । विदेशी नेपाल आउँदा उनीहरूले गर्ने खर्चले कूल गार्हस्थ उत्पादनलाई बढाउन सहयोग गर्दै आएको छ । वैदेशिक रोजगारीबाट फर्कने नेपालीले पनि विदेशबाट केही पैसा, सीप र काम गर्ने बानी लिएर आउँछन् । त्यसपछि आर्जित रकम आर्थिक गतिविधिहरूमा लगानी गर्छन् र ती गतिविधिहरूबाट अर्थतन्त्रमा प्रभाव पर्दछ । यो नतिजाले विदेशबाट आउनेको संख्या जति बढी हुन्छ, त्यति नै आर्थिक विकासको सम्भावना पनि बढ्छ भन्ने देखाएको छ । तसर्थ, विद्यमान अवस्थामा नेपाल भित्रने पर्यटक तथा वैदेशिक रोजगारीबाट फर्कने युवा दुवै पक्षले नेपालको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्छ भन्ने देखियो । यदि देशको आर्थिक वृद्धिदर बढी वा घटी हुँदा वैदेशिक रोजगारीमा जाने मानिसमा प्रभाव पार्दछ भन्ने देखिन्छ । देशको जिडिपी बढ्दा देशमा रोजगारीको अवसर सिर्जना हुन्छ र रोजगारीका लागि बाहिरिने जनशक्तिमा कमी आउँछ । यसरी देशको कूल गार्हस्थ उत्पादनले विदेसिने मानिसको संख्या बढाउने वा घटाउने कार्यमा प्रभाव पार्ने गरेको देखाएको छ ।

हाल देशबाट दैनिक करिब १५०० को संख्यामा युवाहरू बहिरिरहेको भन्ने गरिन्छ । ती युवाहले पठाएको विप्रेषणले कूल गार्हस्थ उत्पादन विस्तारका लागि महत्त्वपूर्ण छ । विप्रेषणले समग्र आर्थिक विकासमा मात्र नभई गरिबी न्यूनीकरणमासमेत महत्त्वपूर्ण रहेको छ । आर्थिक वर्ष २०६०/६१ मा कूल विप्रेषण प्राप्त रकम ५८.६ अर्ब रूपैयाँ रहेकामा त्यतिबेला नेपालमा गरिबीको रेखामुनिको जनसंख्या ३०.९ प्रतिशत थियो । अर्कातर्फ सोही समयमा ३१.९ प्रतिशत घरपरिवारले विदेशबाट विप्रेषण प्राप्त गरिरहेका थिए । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा कूल विप्रेषण आप्रवाह एक हजार १९१ अर्ब रूपैयाँ छ भने २० प्रतिशत जनता गरिबीको रेखामुनि छन् । विप्रेषण प्राप्त गर्ने घरपरिवारको तुलनामा प्राप्त नगर्ने परिवारहरू गरिबीमा फस्ने सम्भावना २.३ प्रतिशत बढी रहेको देखियो । विप्रेषण आप्रवाहमा १० प्रतिशत वृद्धि हुँदा नेपालमा १.१ प्रतिशतले गरिबी घट्ने गरेको भन्ने कुरा अध्ययनले देखाएको छ । यसरी हेर्दा नेपालको गरिबी घटाउनमा विप्रेषणको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

त्यसैगरी विप्रेषण साक्षरता बढाउनमा पनि उपयोगी भएको देखाएको छ । विप्रेषण प्राप्त गर्ने घरपरिवारमा साक्षरता दर उच्च भएको देखाउँछ । आर्थिक वर्ष २०६०/६१ को तथ्यांक हेर्दा विप्रेषण रकम ५८.६ अर्ब रूपैयाँ रहेको देखिन्छ भने साक्षरता दर ५१ प्रतिशतमात्रै रहेको छ भने आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण बढ्दा साक्षरता दर पनि बढेर ७८ प्रतिशत पुग्यो । यसैगरी विप्रेषणले स्वास्थ्यको पहुँच वृद्धि गरेसँगै पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर घटाउन मद्दत गरेको पाइयो ।

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि नेपाल सरकारले विभिन्न देशहरूसँग श्रम सम्झौता गर्दै पनि आइरहेको छ । जसले गर्दा नेपालीहरूका लागि रोजगारीका लागि थप देशहरू खुला हुँदै पनि छ । हाल नेपालीलाई बढी रोजगारी उपलब्ध गराउने पाँच देशहरू मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुवेत रहेका छन् । यी देशहरूमासमेत कोभिडको कारण रोजगारीको अवसर खुम्चिएकामा विस्तारै पुनः बढ्न थालेको छ । वैदेशिक रोजगारी बढ्न थालेको सन्दर्भमा हाम्रा युवाहरूमा उच्च सीप व्यावसायिक तालिम प्रदान गरी थप दक्ष र सीपमूलक बनाउन आवश्यक छ । त्यस दिशामा नेपाल सरकारको ध्यान जानुपर्दछ । अध्ययनले नेपालमा आउने र नेपालबाट बाहिरिने दुवै पक्ष अर्थतन्त्रका लागि महत्त्वपूर्ण रहेको छ । तर लामो समयसम्म वैदेशिक रोजगारीमाथिको निर्भरता हाम्रा लागि दीर्घकालीन हितमा छैन ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको विद्यमान आर्थिक अवस्थालाई कमजोर हुन नदिन सञ्जिवनीको काम गर्दै आएको छ । देशमा पर्याप्त मात्रामा रोजगारी सिर्जना हुन नसकिरहेको अवस्थामा वैदेशिक रोजगारी नेपालको हकमा अपरिहार्य भएको छ । देशभित्र नै रोजगारी सिर्जना गर्नु भनेको मजबुत अर्थतन्त्र र विकासका लागि प्रस्थान बिन्दु हो । तर रोजगारीको अवसर देशभित्र पर्याप्त मात्रामा नहुँदा वैदेशिक रोजगारी एकमात्र विकल्प बनेको छ । कोभिड महामारीपछि पुनर्बहालीको अवस्था, विश्वव्यापी श्रमबजारमा आएको आमूल परिवर्तन, आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले उत्पन्न गरेको चुनौतीलाई समेत मध्यनजर गरी श्रमशक्ति प्रक्षेपण योजना बनाई रोजगारी सिर्जना गर्नुपर्ने अवस्था एकातिर छ भने अर्कातर्फ विदेशबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ भने वैदेशिक रोजगारीमा जाने श्रमिकको दक्षता अभिवृद्धि गर्दै उच्च आम्दानी हुने स्थान र क्षेत्रमा केन्द्रित गर्नुपर्दछ । वैदेशिक रोजगारमा जाने व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्छ भने आर्थिक कूटनीति र श्रम कूटनीतिको माध्यमबाट वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्दछ । विप्रेषणलाई सही सदुपयोगका लागि वित्त तथा मौद्रिक नीतिका विभिन्न उपकरणको परिचालनद्वारा विप्रेषण औपचारिक माध्यमबाट भित्र्याउनुको साथै त्यसलाई पुँजी निर्माणमा खर्च गर्नुपर्दछ । यसो गर्न सकिएको खण्डमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा सकारात्मक भूमिका खेल्ने देखिन्छ । *रासस*



**स्वास्थ्य स्वयंसेविकालाई साइकल**

कैलालीको गौरीगंगा नगरपालिका–९ ले बुधबार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा सम्मान कार्यक्रमअन्तर्गत वितरण गरिएका साइकललगायतका सामग्रीको साथमा स्वास्थ्य स्वयंसेविका ।
*तस्बिर: मीन ठकुरी/रासस*

# चितवनमा गर्मीको असर: 'हिट स्ट्रोक'बाट बिरामी पर्न थाले

■ नारायण अधिकारी

**चितवन–** जिल्लामा पछिल्लो केही दिनदेखि लगातार गर्मी बढ्दै गएको छ । नागरिक उड्डयन प्राधिकरण भरतपुरका अनुसार बुधबार चितवनमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस मापन गरिएको छ । अघिल्लो दिन यो तापक्रम ३९ डिग्री पुगेको थियो ।

गर्मी बढेपछि जनजीवनमा प्रत्यक्ष असर पर्न थालेको छ । गर्मीका कारण यहाँका कतिपय स्थानीय निकायले विद्यालय बन्द गरेका छन् । दिउँसो सडक र बजार सुनसान देखिन थालेका छन् । विशेषगरी वृद्ध, बालबालिका र बाहिर खटिने श्रमिकमा यसको असर बढी परेको छ । भरतपुर महानगरपालिका वडा १० स्थित चौबिसकोठीको सडक छेउमा ५५ वर्षीया चन्द्रकुमारी पुनमगर मकै पोलेर बिक्री गर्ने काम गर्छिन् । उनी भन्छिन्, 'दिनभर घाम र आगोका बीचमा बस्नुपर्छ, शरीर नै सिथिल हुन्छ । ग्राहक नै छैनन्, अहिले ५० रुपैयाँमा एक घोगा मकै पनि बेच्न गाह्रो भएको छ ।' सडक सुनसान भएकाले पैदलयात्री र ग्राहकको संख्या घटेको देखिन्छ ।

सोही स्थानमा भेटिएका अटो चालक खलबहादुर मगरको कुरा पनि यस्तै छ । उनी भन्छन्, 'रिक्साको छत र सडक दुवैको रापले काम गर्न मनै लाग्दैन । तर के गर्ने, घर चलाउनु नै छ । अहिले मान्छे हिँड्नै छाडेजस्तो छ ।'

त्रिचोकतर्फबाट पैदल आउँदै गरेका ४८ वर्षीय भगवान् शाहीले त गर्मीले थाकेर समयमै काममा पुग्न नसकेको गुनासो गरे । 'गर्मीले हिँड्नै सकिएन । केही दिनदेखि समयमा काममा पुग्न सकिएको छैन,' उनले भने, 'अब त गर्मीमा हिँड्दा दुई जोर कपडा लिएर हिँड्नुपर्छ, पसिना भिजेपछि फेर्न ।' गर्मीका कारण स्वास्थ्यमा पनि असर देखिन थालेको छ । अस्पतालमा गर्मीसम्बन्धी समस्या लिएर आउने बिरामीको संख्या बढ्दै गएको भरतपुर अस्पतालका फिजिसियन डा. गोविन्द कँडेलले बताए ।

उनका अनुसार अत्यधिक गर्मी र हावामा आद्रता धेरै हुँदा पसिना नआउने समस्या हुन्छ, जसले गर्दा शरीरको भित्री तापक्रम अत्यधिक बढ्छ । यस्तो अवस्था गम्भीर 'हिट स्ट्रोक'मा परिणत हुन सक्छ । अहिले चितवनमा दुई जना व्यक्तिलाई हिट स्ट्रोक भएको पुष्टि भएकोसमेत उनले बताए । तीमध्ये एक जना चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालमा भेन्टिलेटरमा राखेर उपचारपछि निको भएर फर्किसकेका छन् ।

त्यसैगरी, गर्मीमा दम, छातीका रोगी र संक्रमणजन्य रोग पनि सक्रिय हुनसक्ने उनले बताए । अहिले झाडापखाला र बान्ताका बिरामी केही देखिए पनि मुख्य रूपमा टाइफाइड र ज्वरोका बिरामी बढी देखिन थालेका छन् । मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेका अनुसार अहिले देशका केही पूर्वी भागमा वर्षा भइरहेको छ भने चितवनजस्ता स्थानमा हावामा पानीका कण धेरै भएकाले तापक्रम कम भए पनि आद्रताका कारण मानिसले बढी जस्तो महसुस गर्ने अवस्था हुन्छ । यसलाई प्राविधिक भाषामा 'फिल लाइक टेम्परेचर' भनिन्छ ।

फिजिसियन डा. कँडेलले दिउँसोको समयमा अत्यधिक गर्मी हुँदा बाहिर काम नगर्न, सकेसम्म घरभित्र वा छायाँमा बस्न, नियमित पानी पिउनु र शरीरलाई हाइड्रेटेड राख्नु अत्यावश्यक भएको बताए । उनले लामो बाहुला भएको कपडा लगाउने र कीरा-सर्पबाट जोगिन मोजा तथा जुत्ता लगाउनुपर्ने सुझाव दिएका छन् । मौसमविद लामिछानेका अनुसार बुधबार रातिबाट वर्षाको सम्भावना बढ्दै गएको छ । यसले तापक्रम केही घटाउने आशा गरिएको छ । तापक्रम अझै केही दिन उच्च नै रहने भएकाले स्थानीयवासीलाई विशेष सतर्कता अपनाउन विज्ञहरूले आग्रह गरेका छन् । *रासस*

# घोडाघोडी तालमा रहेको झार हटाइँदै

**कैलाली (प्रस)–** विश्व रामसार क्षेत्रमा सूचीकृत कैलालीको घोडाघोडी तालमा मिचाहा प्रजातिको बेसरम झार हटाउन सुरु गरिएको छ । नेपालको पहिलो वर्ड सेञ्चुरी (चरा अभय आरक्ष क्षेत्र) का रूपमा परिचित घोडाघोडी तालको उत्तर र पूर्वी क्षेत्र बेसरम झारले ढाक्दै गएको छ ।

जैविक विविधताले महत्त्वपूर्ण मानिएको यो ताल मिचाहा प्रजातिले ढाक्दै गएपछि बुधबारदेखि हटाउन थालिएको हो । सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट डिभिजन वन कार्यालय पहलमानपुरको वार्षिक कार्यक्रमअन्तर्गत बजेट छुट्याएर बेसरम झार हटाउन सुरु गरिएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले जानकारी दिए ।

'प्रदेश सरकारको पाँच लाख रूपैयाँ बजेटमार्फत मिचाहा प्रजातिको झार हटाउन सुरु गरेका छौं,' उनले भने । घोडाघोडी तालको उत्तरी भाग बेसरमले ढाक्दै गएपछि ताल क्षेत्र साँघुरिँदै गएको छ । 'तालको उत्तर क्षेत्रको बड्का सिराहा, छोड्की सिराहा, छोट्की छिँटिलिया तथा पूर्वी क्षेत्रमा पनि तालको कुनाकुनामा बेसरमले ढाकेर ताल देखिँदैन । तालमा बेसरमसँगै जलकुम्भी, लहरे वनमारालगायत मिचाहा झारहरू प्रकोप बढ्दै गएका छन्,' उनले भने ।

यी मिचाहा झारहरूले पानीको सतहलाई पूर्णरूपमा ढाकेर सूर्यको प्रकाशलाई भित्र पस्न दिँदैनन्, जसले गर्दा पानीभित्रका रैथाने वनस्पति मर्न थालेका वन अधिकृत कँडेलले बताए । 'यसले पानीमा अक्सिजनको मात्रा घटाउँछ, जसले माछा र अन्य जलचरको जीवन संकटमा पर्छन् । चराहरूले आहारा खोज्ने र बस्ने खुला पानीको सतह समाप्त हुँदा उनीहरूको बासस्थानसमेत नष्ट हुन्छ,' उनले भने ।



मिचाहा झारलाई समयमा नियन्त्रण गरिएन भने ताल र यहाँको सिमसार, जलिय जैविक विविधता खतरामा पर्ने चरा संरक्षण नेटवर्कका अध्यक्ष दयाराम चौधरीले बताए । अघिल्लो आर्थिक वर्षमा पनि डिभिजन वन कार्यालय पहलमानपुरमार्फत २.५ हेक्टर क्षेत्रफलको बेसरम हटाइएको थियो । यसपटक २.८ हेक्टर क्षेत्रफलको बेसरम हटाइने अधिकृत कँडेलले बताए ।

हत्केला आकारमा फैलिएको घोडाघोडी ताल चराहरूको महत्त्वपूर्ण बासस्थानको रूपमा मानिन्छ । यहाँ विश्वव्यापी रूपमा खतरामा रहेका राजलाहाँचे, राज धनेस, माछाकुल, सेतो गिद्ध, डँगर गिद्ध, सानो खैरो गिद्ध र भुडिफोर गरुड पाइन्छन् । तीन प्रजातिका चरा नाँदुन हाँस, हरिहाँस, बगाले सिम कुखुराले नेपालको घोडाघोडी क्षेत्रमामात्रै प्रजनन गर्ने गर्दछन् । यसका साथै अजिंगर ,सालक, ओत, कछुवा, चितुवा, लोखर्के, खरायो, मुसा, न्याउरी मुसा, स्याल, मलसाँप्रो, बाँदर, लंगुर, बँदेल, रतुवा, चित्तल, निल गाई, गोही, सुन गोहोरो, छेपारालगायत विभिन्न प्रजातिहरूको महत्त्वपूर्ण बासस्थानका रूपमा यो क्षेत्र पर्दछ ।

चराहरूको बासस्थान रहेको घोडाघोडीमा हाल ३८० प्रजातिका चराहरू पाइन्छन् । चराहरूको महत्त्वपूर्ण बासस्थान रहेकाले यस क्षेत्रलाई २०७८ फागुन २७ गते नेपालको पहिलो वर्ड सेञ्चुरी (चरा अभय आरक्ष क्षेत्र) घोषणा गरिएको थियो ।


## राहदानी हरायो

मिति २०८२/०२/२० गते चितवनबाट हेटौंडा हुँदै काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **शिबहरी बिष्ट**
राहदानी नं : **०६६९१९४३**
ठेगाना: **नुवाकोट, पन्चकन्या–३**
फोन नं : **९८५११५३५९५**



## कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गूलरिया, कञ्चनपूर
सूदद्ररपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०२/२९**

यस नगरपालिकाबाट प्रकाशित सूचना अनूसार तपशीलको कार्य गर्न दर्ता हून आएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्यूनतम् मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनकालागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक रु. कर तथा पी.एस. सहीत |
|---|---|---|---|
| 30-WOB-2081/082 | वडा नं. ३ को वडा कार्यालय भवन निर्माण | श्री श्रीषा एण्ड समायारा कन्स्ट्रक्स्न प्रा.ली., गोदावरी १ अत्तरिया कैलाली | ७३,४१,११२।२२ |

अन्य सवै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाबाट जानकारी गराइएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०२/२९**

यस नगरपालिकाबाट निम्न योजनाको लागि शिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ८औं दिनको १२:०० बजेभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/SQ/GOODS/2081/082-02 | Supply and Delivery of Sanitary Pad | NRs. 35,500/- | NRs. 1000 |
| बैङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>**Office Name**: Namobuddha Municipality Office<br>**Office Code:** 801032602<br>Rajaswa (revenue) account no(for bid fee): Ga-1-1-1540100301010002<br>**Dharauti Account No.** (For Bid Security): Ga-3-1540100303000002 | | |



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ४९ जेठ २८ गते २०८२ मा प्रकाशित **Mobhira Overseas Service Pvt. Ltd.** को **Ajwa Barbeque & Restaurant** कम्पनीको Lot No. 294899 विज्ञापनमा मेनपावरको नाम **Mobhira Overseas Service Pvt. Ltd.** तथा युएइमा रोजगार र पूर्व स्विकृति मिति: २०८०/०८/१४ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## ओमनमा रोजगार — कम्पनी : ADEL BIN HAMID BIN JUMA AL MARZOUQI TRADING

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 325384 | चलानी नं. ६०२३९३३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook General | 1 | 0 | 160 | ५६,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ARABIC COFFE MAKER | 1 | 1 | 150 | ५३,३९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ५ गते (19th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## युएइमा रोजगार — कम्पनी : TOP ONE BUILDING CLEANING

पूर्व स्वीकृति मिति : २०८१/०२/१४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/२८ | LT. No. 305469 | चलानी नं. ६०२२०२१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 11 | 10 | 800 | २९,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ५ गते (19th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६



## साउदीमा रोजगार — कम्पनी : LULU SAUDI HYPERMARKET - SOLE PROPRIETORSHIP

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 325379 | चलानी नं. ६०२३९३३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 45 | 0 | 1000 | ३६,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ५ गते (19th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. २३५/०५८/०५९



## युएइमा रोजगार — कम्पनी : Al Sahraa Freight Transport and Logistic LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 325391 | चलानी नं. ६०२३९३३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steal Fixer | 10 | 0 | 1200 | ४४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 50 | 0 | 1200 | ४४,७२० | | | | | | | |
| 3 | Carpenter | 10 | 0 | 1200 | ४४,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ असार ५ गते (19th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1734/081/082
MARHABA INTERNATIONAL OVERSEAS PVT.LTD.
Kathmandu-32, Koteshwor, Nepal, T: 01-5924220
E:- marhabaoverseas@gmail.com, Web: marhabaoverseas.com



## युएइमा रोजगार — कम्पनी : AJWA BARBEQUE & RESTAURANT — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८०/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 294899 | चलानी नं. ६०१९२४८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping/Cleaner | 5 | 5 | 1000 | ३७,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ४ गते (18th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## युएइमा रोजगार — कम्पनी : D3 WOODEN INDUSTRIES LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | LT. No. 325405 | चलानी नं. ६०२३९३६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter (Furniture/gypsum) | 10 | 0 | 1300 | ४८,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 10 | 0 | 1300 | ४८,४४५ | | | | | | | |
| 3 | General Mason | 5 | 0 | 1100 | ४०,९९० | | | | | | | |
| 4 | Helper | 5 | 0 | 1100 | ४०,९९० | | | | | | | |
| 5 | Mason/tile Worker | 10 | 0 | 1300 | ४८,४४५ | | | | | | | |
| 6 | Wall Painter | 10 | 0 | 1300 | ४८,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ५ गते (19th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम इजाजत नं. १०१९/०६८/०६९

रूपशाला

## 'महाराजधिराज'मा जोडिइन् उषा

फिल्म 'महाराजधिराज'मा अभिनेत्री उषा रजकको पनि अभिनय रहने भएका छ । निर्माण युनिटले फिल्मको एक महत्वपूर्ण भूमिकाको लागि उनलाई छानेको हो । उनी भित्रिएसँगै फिल्मको मुख्य भूमिकाका कलाकार फाइनल भएको निर्माण युनिटले जनाएको छ । निर्देशक परिच्छेद सेनको निर्देशन रहने फिल्मका लागि यसअघि आर्यन सिक्देल, रमेश उप्रेती, पल शाह, पुष्प खड्का, वर्षा राउत, वर्षा शिवाकोटी, गजित विष्ट, आशा पौडेल छानिएका थिए ।





१२औं म्युजिक खबर म्युजिक अवार्ड

# गीतकार खरेललाई दीर्घ साधना सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** १२औं म्युजिक खबर म्युजिक अवार्ड २०८१ भव्य रूपमा सम्पन्न भएको छ । राजधानीमा आयोजित कार्यक्रममा म्युजिक खबर अवार्डका सल्लाहकार राधेश्याम लेकालीको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सम्मानीय मन्त्री बद्री प्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा विशिष्ट गीतकार निर्देशक यादव खरेललाई दीर्घ साधना सम्मान अर्पण गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय बद्रीप्रसाद पाण्डेले प्रतिष्ठित गीतकार यादव खरेलगायतलाई सम्मान गरिसकेपछि हार्दिक बधाई दिँदै विशिष्टदेखि अनुजसम्मका स्रष्टा कलाकारलाई एकै ठाउँमा जम्मा गरेर सम्मानको वातावरण बनाउने म्युजिक खबर टिमप्रति धन्यवाद दिएका थिए । 'कल्चर फर टुरिजम'को नारा लिएर म्युजिक खबरले १२ वर्षसम्म गरेको अवार्ड तथा सम्मानको कार्य सह्रानीय भएको भन्दै सरकारले गर्न नसकेको काम व्यक्तिले गुर्न विशिष्ट कार्य भएको बताएका थिए ।

कार्यक्रममा अध्यक्ष सुमन पण्डितले स्वागत मन्तव्य दिँदै अवार्डलाई सम्मानित र मर्यादित बनाउँदै लैजान सम्पूर्ण कला क्षेत्र लाग्नुपर्ने बताए ।

अवार्डले कला क्षेत्रको सम्बर्द्धन, प्रबर्द्धनका निम्ति म्युजिक खबरको निरन्तर यात्रा अगाडि बढिरहेको हुँदा अवार्ड र सम्मानले अझै उर्जा प्रदान गर्ने बताए । समृद्ध कला क्षेत्र बनाउन सम्पूर्ण स्रष्टा कलाकारको योगदान रहेको बताउँदै सम्पूर्ण प्रायोजक, सल्लाहकार, अतिथिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गरेका थिए ।

अवार्डमा सुगमसंगीतर्फ गायक गोविन्द मधुर आचार्य र गायिका बबिना भट्टराई सर्वोत्कृष्ट गायक गायिका घोषित भए । त्यस्तै आधुनिक विधातर्फ नरहरि प्रेमीले घर छोडेको मान्छे गीतबाट सर्वोत्कृष्ट संगीतकार बने भने महेश आचार्यले तिमी सँगै छैनौ गीतबाट सर्वोत्कृष्ट गीतकार बन्न सफल भए । गायिका अन्जु पन्त र गायक नरेश रेग्मीले धर्ती र जूनको कहानी गीतबाट सर्वोत्कृष्ट युगल गायनको अवार्ड चुम्न सफल भए ।



एउट जून गीतबाट सुशील बिक्रम शाहले सर्वोत्कृष्ट ध्वनि सम्पादन आधुनिकको अवार्ड चुमे । आदत गीतबाट विपिन आचार्यले सर्वोत्कृष्ट संगीत संयोजकको अवार्ड चुम्न सफल भए । रूपेश थापाले तिमीबिना चल्दैन गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो छायाँकार बन्न सफल भए भने लामपाते सुरतीबाट रबिन बिकले सर्वोत्कृष्ट म्युजिक भिडियो सम्पादनको अवार्ड चुम्न सफल भए । अभिनेता विनोद श्रेष्ठ र उषा सुवेदीले विदाई गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो मोडलको अवार्ड चुम्न सफल भए शान थापाले छुनै हुन्न जस्तो गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशकको अवार्ड चुम्न सफल भए ।

एलिना चौहानले तिमीबिना चल्दैन गीतबाट पपुलर गायिका अफ दि इयरको अवार्ड चुम्न सफल भइन् । भाग्य लेख्ने भगवान गीतबाट गीतकार भुपेन्द्र बुढाथोकीले जुरी अवार्ड गीतकारको अवार्ड प्राप्त गरे । पागल गीतबाट केशव पौडेलले जुरी अवार्ड संगीतकारको अवार्ड प्राप्त गरे भने दिपेन्द्र आलेले ढल्केबरैमा गीतबाट सर्वोत्कृष्ट गायक डायस्पोराको अवार्ड चुम्न सफल भइन् । जति टाले पनि गीतबाट सुरज पण्डितले जुरी अवार्ड गायकको अवार्ड प्राप्त गरे भने सर्वोत्कृष्ट कस्ट्युम डिजाइनर शम्भू पुरीले प्राप्त गरे ।

पपगायनतर्फ गायक प्रेज्वल नेपालीले कस्तो माया गीतबाट सर्वोत्कृष्ट पप गायक बने । गायिका सारिका घिमिरे कलियुगकी राधा गीतबाट सर्वोत्कृष्ट पप गायिका बन्न सफल भइन् । गीतकार रमेश कोइराला सर्वोत्कृष्ट पप गीतकार बने भने जुगल डंगोल सर्वोत्कृष्ट पप संगीतकार बन्न सफल भए । सुदिप भण्डारी (जिबब) सर्वोत्कृष्ट र्‍यापर बन्न सफल भए ।

लोकदोहोरीतर्फ गायक सरोज लामिछानेले खोली तरेको गीतबाट सर्वोत्कृष्ट गायक लोकदोहोरीको अवार्ड चुम्न सफल भए । त्यस्तै गायिका सुनिता बुढा क्षेत्रीले उजेली गीतबाट सर्वोत्कृष्ट गायिकाको अवार्ड चुम्न सफल भइन् । कृष्ण केसीले ठूली गीतबाट सर्वोत्कृष्ट संगीत लोकदोहोरी, सन्तोष सापकोटा बस्यौ अलग्गै गीतबाट सर्वोत्कृष्ट गीतकार लोकदोहोरी, सामना शाह आँसुको वर्षात्बाट सर्वोत्कृष्ट महिला गीतकार, तेजेन्द्र दूरा तिम्रो जवानी गीतबाट सर्वोतकृष्ट संगीत संयोजक लोकदोहोरी, खड्ग बाजुराली ठूली गीतबाट सर्वोत्कृष्ट ध्वनि सम्पादन लोकदोहोरीको अवार्ड चुम्न सफल भए ।

त्यस्तै मौसम हिमालीले कश्मिरे पछ्यौरी गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशक लोकदोहोरीको अवार्ड चुम्न सफल भए । बादल घिमिरेले कसम तोड्ने भा गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो मोडल महिला पुरुष र अस्मिता पुरीले फूलमाया गीतबाट सर्वोत्कष्ट म्युजिक भिडियो मोडल महिलातर्फको अवार्ड चुम्न सफल भए । रेश्मा तामाङ जुध्यो नजर गीतबाट सर्वोत्कृष्ट कल्चरल गीत गायिका बनिन् ।

गायक शुक्र तामाङ र गायिका रेजिना परियारको ठट्यौली ठाडो भाका गीत सर्वोत्कृष्ट कल्चरल गीत बन्न सफल भयो । गायक रायन बस्याल घामको झुल्को गीतबाट सर्वोत्कृष्ट नवप्रतिभा गायकको अवार्ड चुमे भने उमेश भट्टले कतै म हराएँ कि गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो नवनिर्देशकको अवार्ड चुम्न सफल भए । गायक रामचन्द्र चन्दको पापीनीलाई गीत सर्वोत्कृष्ट लोकगीत बन्न सफल भयो । सबिन आचार्य र निशा गुरुङ सर्वोत्कृष्ट प्रत्यक्ष गायक गायिका घोषित भए । ए गौरी गीतबाट गायिका संगम लामिछाने र लजाउँदै लजाउँदै गीतबाट सुशील ज्ञवालीले पब्लिक च्वाइस अवार्ड लोकदोहोरीतर्फको अवार्ड चुम्न सफल भए ।

त्यसैगरी चलचित्रविधा तर्फ गीतकार प्रमोद ढुंगानाले चलचित्र उपहारको 'हारेको छैन' गीतबाट सर्वोत्कृष्ट चलचित्र गीतकार बन्न सफल भए । संगीतकार अर्जुन पोखरेल ज्वाइँसाप चलचित्रको 'कसम बत्तिको' गीतबाट सर्वोत्कृष्ट संगीतकार बने ।

# 'इन्फा अवार्ड २०२५' का मनोनीतलाई प्रमाणपत्र




■ प्रभाव संवाददाता

**काठमाडौं–** इन्टरनेसनल नेपाली फिल्म अवार्ड (इन्फा) २०२५ को उत्कृष्ट पाँचमा मनोनित फिल्म र फिल्मकर्मीको नाम सार्वजनिक गरिएको छ । राजधानीमा आयोजित एक कार्यक्रममा १७ विधामा मनोनयन सार्वजनिक गर्दै उनीहरूलाई मनोनयन प्रमाण पत्र समेत प्रदान गरिएको हो ।

१३ सेप्टेम्बरमा लन्डनमा आयोजना हुने अवार्डमा २०८१ सालको असार मसान्तपछि प्रदर्शनमा आएका फिल्ममध्येबाट १७ विधामा उत्कृष्ट ५ छनोट गरिएको हो । गौरी मल्ल संयोजक, रमेश बुढाथोकी र रमेश बुढाथोकी सदस्य रहेको जुरीको समूहले मनोनयन तयार पारेको हो ।

निर्णायक मण्डलबाट प्राप्त उत्कृष्ट पाँचको नतिजा निष्पक्ष र पारदर्शी रहेको अवार्ड संयोजक मनिष कार्कीले बताए । फिल्मको माध्यमबाट कला, साहित्य, भाषा संस्कृतिको प्रवर्धन गर्दै अवार्डको स्तरलाई विश्वमाझ देखाउन सकिने हिसाबले इन्फाको दोस्रो संस्करण आयोजना गरिएको कार्कीले जानकारी दिए ।

कार्यक्रममा नीर शाह, कृष्ण मल्ल, जितु नेपाल, दीपाश्री निरौला, निता ढुङ्गाना, वर्षा सिवाकोटी, पुष्प खड्का लगायतका फिल्मकर्मीले कार्यक्रम सफलताको शुभकामना दिए ।

१७ विधामा मनोनयन सार्वजनिक गरे पनि २६ विधामा अवार्ड बाँडिने जनाइएको छ । अभिनेत्री शर्मिला मल्ललाई 'लाइफ टाइम अचिभमेन्ट अवार्ड' प्रदान गरिने अवार्डलाई विश्वसनीय बनाइने इन्फा नेपालका अध्यक्ष सुनिल श्रेष्ठले प्रतिबद्धता व्यक्त गरे । जुरी, पपुलर, पर्फमर अफ दि एयर र पब्लिक च्वाइससहित कूल २६ विधामा अवार्ड बाँडिने भएको छ । इन्फा इभेन्टस् युके र इन्फा नेपालको आयोजना, मनु मिडियाको सहकार्य रहेको अवार्ड लन्डनको ग्रिनफोर्ड हलमा आयोजना हुनेछ ।

रंगशाला

## लगातार जित निकाल्दै पुलिस सेमिफाइनलमा

**पोखरा (प्रस)–** स्टेप रामपुरमाथि सहज जित निकाल्दै विभागीय टोली नेपाल पुलिस क्लबले प्रचण्ड कप राष्ट्रिय महिला भलिबल कप प्रतियोगिताको सेमिफाइनलमा स्थान बनाएको छ । पोखरा रंगशालाको कभर्डहलमा बुधबार सम्पन्न पोल 'ए' को दोस्रो खेलमा पुलिसले रामपुरलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

जितसँगै पुलिस पोल 'ए' को विजेता बन्यो । पुलिसले उद्घाटन खेलमा अर्को विभागीय टोली एपिएफ क्लबलाई ३-० ले नै पाखा लगाएको थियो । त्रिभुवन आर्मी क्लबले प्रतियोगिता सहभागिता जनाउन नमानेपछि रामपुरलाई स्थान दिइएको थियो । तर, अधिकांश राष्ट्रिय खेलाडी लिएर कोर्ट उत्रिएको पुलिसलाई रामपुरले कुनै सेटमा पनि चुनौती दिन सकेन । पहिलो सेट पुलिसले २५-७ ले आफ्नो पक्षमा पारेको थियो । त्यसपछिका बाँकी दुई सेट भने २५९ र २५-९ ले आफ्नो बनाउँदै अन्तिम चारमा स्थान सुरक्षित गरेको हो । पुलिसले अब फाइनल प्रवेश गर्न अर्को पोलको उपविजेतासँग खेल्नेछ ।

## बागमतीलाई स्क्वासको महिला टिम इभेन्टमा उपाधि

**काठमाडौं (प्रस)–** १३औं एनआरएनए राष्ट्रिय स्क्वास प्रतिगोयताको महिला टिम इभेन्टको उपाधि बागमती प्रदेशले जितेको छ । नेपालका नम्बर एक बिपना ब्लोन र नम्बर दुई स्वस्थानी श्रेष्ठ सामेल बागमती कोशी प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशलाई समान ३-० ले हराएर समूहको शीर्ष स्थानमा रहेर च्याम्पियन बनेको हो ।

चार प्रदेश सहभागी महिला टिम इभेन्टमा सबैले एक अर्कासँग खेलेपछि शीर्ष स्थानमा रहने टिमले उपाधि जित्ने प्रावधान रहेको छ । महिला टिम इभेन्टमा रजत र कांस्य पदकको छिनोफानो हुन भने बाँकी छ । कोशी प्रदेशविरुद्धका खेलमा बागमतीका लागि स्वस्थानीले डोल्मा तामाङलाई ११-८, ११-५ र ११-४, विपनाले रचना प्रजालाई ११-४, ११-५ र ११-४ तथा अस्मिता नगरकोटीले तारादेवी गुरुङलाई ११-३, ११-१ र ११-२ ले पराजित गरे । यसै गरी गण्डकीविरुद्ध तीन खेल जित्ने क्रममा स्वस्थानीले रेसना महर्जनलाई ११-३, ११-५ र ११-३, विपनाले समीक्षा खाँडलाई ११-२, ११-२ र ११-५ तथा अस्मिताले नियुक्ति श्रेष्ठलाई ११-१, ११-५ र ११-६ ले हराए ।

कर्णालीविरुद्धको खेलमा स्वस्थानीले भगवती जिसीलाई ११-२, ११-१ र ११-३, विपनाले प्रतीक्षा प्रजालाई ११-३, ११-५ र ११-५ तथा साक्षी सुनुवारले अर्पणा प्रजालाई ६-११, ११-७, ११-६ र ११-३ ले निराश बनाए । यसैगरी गण्डकी प्रदेशले कोशी प्रदेशलाई २-१ ले हरायो । गण्डकीकाका लागि नियुक्तिले कृषा राईलाई ११-२, ११-१ र ११-३ तथा रेनेशाले डोल्मालाई १५-१३, ११-४ र ११-२ ले पराजित गरे । कोशीकी रचनाले भने गण्डकीकी समीक्षालाई ११-७, १२-११ र १४-१२ ले हराएकी थिइन् ।

नेपाल स्क्वास र्‍याकेट्स संघको आयोजनामा भएको प्रतियोगितामा पुरुष टिम इभेन्टमा बागमती प्रदेश र कोशी प्रदेश फाइनलमा पुगेका छन् । बुधबार भएको सेमिफाइनलमा बागमतीले मधेश प्रदेश र कोशीले प्रदेशले लुम्बिनी प्रदेशलाई समान २-१ ले हराए । सातदोबाटोस्थिति नेपाल स्क्वास संघको एकेडेमी हलमा भएको सेमिफाइनलमा बागमतीका लागि राकेश परियार र प्रोज्ज्वल प्रधानले जित हात पारे । राकेशले सञ्जीव थापा मगरलाई १२-१०, ९-११, ११-८ र ११-० तथा प्रोज्ज्वले हेलिस घिसिङलाई ११-६, ११-६ र ११-४ ले हराए ।

# एथलेटिक्समा प्रवीण र संगीताद्वारा राष्ट्रिय कीर्तिमान

■ प्रभाव संवाददाता

**काठमाडौं –** यहाँ जारी १५औं केन्द्रीय राष्ट्रपति रनिङ खेलकुद अन्तरगत एथलेटिक्स प्रतियोगितामा बागमती प्रदेशका प्रवीण राना मगर र सुदूरपश्चिम प्रदेशकी सङ्गीता विकले बुधबार नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा प्रवीणले जुनियर छात्र एक सय मिटर दौड तथा सङ्गीताले जुनियर छात्रा चार सय मिटर दौडमा राष्ट्रिय कीर्तिमान बनाएका हुन् । कीर्तिमानबापत दुवैले जनही रु १० हजार नगद पुरस्कार पाउने छन् । रानामगरले निर्धारित दूरी १०.७६ सेकेन्डमा पूरा गर्दै कीर्तिमानी स्वर्ण जिते । यसअघि आशिष चौधरीको नाममा १०.९० सेकेण्डको कीर्तिमान थियो । उनले त्यो कीर्तिमान २०७० सालमा बनाएका थिए । कोशी प्रदेशका सुजन मण्डल दोस्रो तथा लुम्बिनी प्रदेशका शुभम बमरेल तेस्रो भए ।

धावक विकले निर्धारित दूरी १ मिनेट ०१.१९ सेकेन्डमा पूरा गर्दै कीर्तिमानसहित स्वर्ण जितिन् । उनीले २०७६ सालमा अरुणा रिजालले स्थापित गरेको एक मिनेट ०१.३० सेकेन्डको कीर्तिमान भङ्ग गरेकी हुन् । बागमतीकी अनिशा थारु दोस्रो र कर्णालीकी कृष्णा राना तेस्रो बने ।

युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा भइरहेको प्रतियोगिताको छात्रा एक सय मिटर दौडमा बागमतीकी दिना गोपाली पहिलो भइन् । उनीले १२.८१ सेकेन्ड समय लगाइन् । लुम्बिनीकी आरुशी भट्टराई दोस्रो तथा गण्डकी प्रदेशकी अनुष्का अधिकारी तेस्रो भए । छात्र चार सय मिटर दौडमा कर्णालीका धीरेन्द्र विकले स्वर्ण जिते । उनले निर्धारित दूरी पूरा गर्न ५१.८९ सेकेन्ड समय खर्चे । गण्डकीका प्रकाश महतोले रजत तथा सुदूरपश्चिमका विक्रम विष्टले काँस्य हात पारे ।

छात्र हाइजम्पमा बागमतीका अविनाश सुनार पहिलो भए । उनले १.६८ मिटर जम्प गरे । सुदूरपश्चिमका उज्वलकुमार विक दोस्रो तथा गण्डकीका विवेक महतो तेस्रो स्थानमा रहे । सो स्पर्धाको छात्रामा १.३८ मिटर जम्प गर्दै सुदूरपश्चिमकी सुस्मिता चौधरी शीर्ष स्थानमा रहिन् । गण्डकीकी सविता खातुन मियाँ दोस्रो तथा कर्णालीकी हीरा बुढा तेस्रो बने ।

सटपुटको छात्रमा सुदूरपश्चिमका विवेक चौधरी पहिलो भए । उनले १३.६१ मिटर टाढा फाले । लुम्बिनीका राजन भण्डारी दोस्रो तथा कर्णालीका केशव विक तेस्रो भए । उक्त स्पर्धाको छात्रामा बागमतिकी एलिना विकले स्वर्ण जितिन् । एलिनाले ८.६९ मिटर टाढा फालिन् । सुदूरपश्चिमकी पूजा साउदले रजत तथा लुम्बिनीकी सम्झना चौधरीले कांस्य जिते । छात्रा एक हजार पाँच सय मिटर दौडमा गण्डकीकी नारायणी भण्डारी पहिलो भइन् । नारायणीले ५ मिनेट ०३.९ सेकेन्डमा दूरी तय गरिन् । बागमतीकी भगवती खड्का दोस्रो तथा सुदूरपश्चिमकी देवकी धामी तेस्रो भए । प्रतियोगितामा २६ स्वर्णका लागि प्रतिस्पर्धा भइरहेको छ ।


## Saraswati Secondary School

**Aatharai Tribeni -3,**

**Hangpang, Taplejung**

## Notice Of Intention To Accept Bids

**(Date Of Publication: 2082/02/29)**

Pursuant To Clause 27,Sub Clause 2 and 3 of Public Procurement Act-2063 and ITB Clause 39 Of Bidding Document,all the concerned bidders,who has participated in the bidding as per Noticed Published On "Prabhab Rastriya Dainik" newspaper on 2082/01/25, are Notified that it is our Intention to Accept the bids for the Contract Pacakages as Provided In the Table Below.

| S. NO. | Contract Identification No. | Qualified Bidder | Bid Amount With VAT and PS (NRS) |
|---|---|---|---|
| 1. | SSS/GOODS/NCB/1/81/82 | K.B.Scientific Suppliers, Madhyapur Thimi-2, Bhaktapur | 16,61,026.55 |

**Principal**



श्रीलंकाको केलानियामा रहेको एक मन्दिरमा पोसन पोया दिवसमा बौद्ध धर्मावलम्बीहरू धार्मिक अनुष्ठानमा भाग लिँदै । श्रीलंकामा बौद्ध धर्मको आगमन भएको दिनको रूपमा यो दिवस मनाइँदै आएको छ । *तस्बिरः सिन्ह्वा*

# विश्व बैंकले दियो आर्थिक संकटको चेतावनी

**न्युयोर्क–** व्यापारमा बढ्दो तनाव र नीतिसम्बन्धी अनिश्चितताका कारण विश्व बैंकले विश्व अर्थतन्त्रको वृद्धिदरसम्बन्धी पूर्वानुमानमा कटौती गरेको जानकारी गराएको छ । विश्व बैंकद्वारा मंगलबार सार्वजनिक गरिएको 'विश्व आर्थिक दृष्टिकोण' प्रतिवेदनअनुसार, हाल देखिएको अस्थिर अवस्थाले विश्वका करिब ७० प्रतिशत अर्थतन्त्रहरूमा वृद्धिदर घटाउने प्रभाव पारेको छ, जसमा सबै भू-भाग र आम्दानी वर्ग समावेश छन् ।





प्रतिवेदनअनुसार सन् २०२५ का लागि विश्व आर्थिक वृद्धिदर २.७ प्रतिशतबाट घटाएर २.३ प्रतिशत बनाइएको छ । यस्तै, सन् २०२६ का लागि यो दर २.७ प्रतिशतबाट घटाएर २.४ प्रतिशत मा ल्याइएको छ । विकसित देशहरूमा आगामी वर्ष १.२ प्रतिशतको वृद्धि हुने अपेक्षा गरिएको छ, जुन अघिल्लो अनुमानभन्दा केही कम हो । विकासशील तथा उदाउँदा बजार अर्थतन्त्रहरूमा सन् २०२५ को वृद्धिदर ३.८ प्रतिशत रहने अनुमान गरिएको छ, जुन पूर्वानुमानभन्दा ०.३ प्रतिशत अंकले कम हो । संयुक्त राज्य अमेरिकाको वृद्धिदर २०२५ मा १.४ प्रतिशत मात्र रहने सम्भावना देखिएको छ, जुन अघिल्लो पूर्वानुमानभन्दा कम हो र सन् २०२४ को २.८ प्रतिशत वृद्धिको तुलनामा आधामात्र हो ।

युरोप क्षेत्र र जापान दुवैको वृद्धिदर ०.७ प्रतिशत रहने अनुमान गरिएको छ, जसले अघिल्लो अनुमानमा केही कमी आएको देखाउँछ । चीनको वृद्धिदर भने अघिल्ला पूर्वानुमानअनुसार यथावत् रहेको छ । प्रतिवेदनमा उल्लेख गरिएअनुसार, केवल केही महिनाअघि सहज सुधारको आशा गरिएको विश्व अर्थतन्त्र फेरि चुनौतीपूर्ण परिस्थितिमा प्रवेश गरिरहेको छ ।

यदि शीघ्र उपयुक्त नीतिगत कदमहरू नचालिएमा जनजीवनमा दीर्घकालीन असर पर्न सक्ने चेतावनीसमेत प्रतिवेदनमा दिइएको छ । विश्व बैंक समूहका प्रमुख अर्थशास्त्री तथा वरिष्ठ उपाध्यक्ष इन्डर्मिट गिलले भने, 'एसियाबाहेकका क्षेत्रहरूमा विकासको गति सुस्त बन्दै गएको छ, जसले विकासशील राष्ट्रहरूलाई थप चुनौतीमा पार्ने सम्भावना देखिन्छ ।'

गिलका अनुसार, विकासशील राष्ट्रहरूमा लगानीको दर अपेक्षाकृत कम भएको र ऋणको भार उच्च रहेकोले आय असमानता हटाउने तथा गरिबी घटाउने प्रयासहरूमा प्रगति पर्याप्त छैन । भविष्यको आर्थिक स्थायित्व मुख्यतया वैश्विक व्यापार नीतिको दिशामा निर्भर रहने कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनले २०२६ र २०२७ मा केही सुधारको संकेत गरे पनि समग्रमा आर्थिक उत्पादन स्तर अघिल्लो अनुमानभन्दा अझै तल रहने सम्भावना औंल्याएको छ । यद्यपि, यदि व्यापार प्रतिबन्धहरू तीव्ररूपमा बढ्ने वा नीतिसम्बन्धी अन्योलता निरन्तर रहने हो भने आर्थिक वृद्धिमा थप गिरावट आउनसक्ने र वित्तीय दबाब पनि बढ्न सक्ने सम्भावना रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । *रासस/सिन्ह्वा*

# न्युयोर्कमा आप्रवासीमाथि आक्रमणको विरोधमा हजारौंको विरोध प्रदर्शन

**न्युयोर्क–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासन नीतिहरूको विरोधमा मंगलबार हजारौं मानिस न्युयोर्क सहरको सडकमा उत्रिएका छन् । आप्रवासन तथा भन्सार प्रवर्तन (आइसिई) द्वारा शृंखलाबद्ध छापापछि देशभरि विरोध प्रदर्शन चर्किएको छ । 'घृणा छैन, डर छैन, आप्रवासीहरूलाई यहाँ स्वागत छ,' प्रदर्शनकारीहरू सुरुमा फोली स्क्वायरमा भेला भएका थिए । एउटा अदालत अगाडिको फोली स्क्वायरमा धेरै आप्रवासीलाई शुक्रबार कानुन प्रवर्तनद्वारा हिरासतमा राखिएको थियो ।





प्रदर्शनकारीहरूले तल्लो म्यानहचाटनमा मार्च गरे । धेरैजसोले 'आइसिई, न्युयोर्कबाट बाहिर' भनिएका साइनबोर्डहरू बोकेका थिए । यो संघीय अध्यागमन प्रहरीको सन्दर्भमा थियो जसको कागजपत्र नभएका अप्रवासीहरूलाई पक्राउ गर्ने छापामारी हालका हप्तहरूमा बढेको छ ।

'जोसँग यस समयमा यहाँ आउन आवाज छैन, विशेष गरी मेरी आमाका लागि खडा हुन म यहाँ छु,' विरोध प्रदर्शनमा सहभागी एक महिलाले भनिन् । उनले आफ्नी मेक्सिकाली आमाको कागजातविहीन आप्रवासन स्थितिलाई ध्यानमा राख्दै नाम नछाप्न अनुरोध गरिन् । 'इमानदारीका साथ भन्नुपर्दा अप्रवासीहरू नभएको भए यो देश जे छ त्यो हुन सक्दैनथ्यो । त्यसैले म तिनीहरूका लागि यहाँ छु,' उनले भनिन् ।

मेक्सिकाली मूलकी २३ वर्षीया अमेरिकी महिला ज्याकलिन नामकी अर्की प्रदर्शनकारीले भनिन्, 'म मेरो परिवारको रक्षा गर्न यहाँ छु... म अहिले तिनीहरूका लागि डराउँछु र ? म त्यस्तो समाजमा बाँच्न चाहन्न जहाँ म मेरो परिवारको स्वास्थ्यका लागि डराउनुपर्छ ।' न्युयोर्कमा भएको मार्च लस एन्जलसमा भएको प्रदर्शनभन्दा शान्तिपूर्ण थियो । लस एन्जलसमा प्रदर्शनकारी र प्रहरीबीच चलिरहेको प्रदर्शनले ट्रम्पलाई हजारौं राष्ट्रिय गार्ड सेना र ७०० सक्रिय सेवामा रहेका समुद्री सैनिकहरू खटाउन बाध्य पारेको छ ।

'लस एन्जलसमा भएका विरोध प्रदर्शनहरू अस्वीकार्य छन् र हाम्रो सहरमा प्रयास गरेमा असहय हुने छ,' न्युयोर्कका मेयर एरिक एडम्सले मंगलबार भने, 'न्युयोर्क प्रहरी विभाग कुनै पनि समस्याहरू समाधान गर्न तयार छ, विशेषगरी जब हामी हाम्रो समाजमा गहिरो विभाजनको सामना गरिरहेका छौं ।' एडम्सले लस एन्जलसका आफ्ना समकक्षीको विपरीत न्युयोर्कमा मंगलबार रातिको कफ्यू लागू गरेनन् । *रासस/एएफपी*

# ग्रिनल्याण्डको हिउँ मे महिनामा औसतभन्दा धेरै छिटो पग्ल्यो : वैज्ञानिकहरू

**कोपेनहेगन–** मे महिनामा आएको गर्मीको लहरका कारण ग्रिनल्याण्डको बरफको पत्र विगतको औसतभन्दा १७ गुणा छिटो पग्लिएको वर्ल्ड वेदर एट्रिब्युसन (डब्ल्युडब्ल्युए) ले बुधबार एक रिपोर्टमा जनाएको छ । यो तापक्रमले आइसल्याण्डलाई पनि प्रभावित पारेको थियो ।

आर्कटिक क्षेत्र भूमण्डलीय तापक्रमको अग्रपंक्तिमा छ । वैज्ञानिक जर्नल नेचरमा सन् २०२२ मा प्रकाशित अध्ययनअनुसार यो सन् १९७९ देखि पृथ्वीका अन्य भागहरूभन्दा चार गुणा छिटो तातिएको छ । 'प्रारम्भिक विश्लेषणबाट ग्रिनल्याण्डको बरफको पत्र १७ गुणाले पग्लने दर... यसको मतलब समुद्री सतह वृद्धिमा ग्रिनल्याण्डको बरफको पत्रको योगदान यो तापक्रम नआएको भए जति हुने थियो त्यसभन्दा बढी छ,' प्रतिवेदनका एक लेखक, इम्पेरियल कलेज लण्डनकी जलवायु विज्ञानकी सहप्राध्यापक फ्रिडेरिके ओटोले पत्रकारहरूलाई भनिन्, 'जलवायु परिवर्तन नभएको भए यो असम्भव हुने थियो ।'

आइसल्याण्डमा मे १५ मा तापक्रम २६ डिग्री सेल्सियस (७९ फारेनहाइट) पार गर्‍यो । यो उपआर्कटिक टापुका लागि त्यो समयमा अभूतपूर्व थियो । 'सन् १९९१-२०२० को औसत मे महिनाको दैनिक अधिकतम तापक्रमभन्दा १३ डिग्री सेल्सियस बढी तातो आइसल्याण्डमा यो मे महिनामा देखिएको तापक्रम रेकर्ड तोड्ने छ,' डब्ल्युडब्ल्युएले भन्यो ।

देशको मौसम विज्ञान संस्थानका अनुसार मे महिनामा आइसल्याण्डका ९४ प्रतिशत मौसम केन्द्रहरूले रेकर्ड तापक्रम दर्ता गरेका छन् । पूर्वी ग्रिनल्याण्डमा गर्मीको समयमा सबैभन्दा तातो दिन पूर्व-औद्योगिक मौसमको तुलनामा करिब ३.९ डिग्री सेल्सियस बढी थियो ।

'लगभग २० डिग्री सेल्सियसको तापक्रम संसारभरका धेरैजसो मानिसको अनुभवबाट चरम घटनाजस्तो नलाग्न सक्छ, तर यो संसारको यस भागका लागि साँच्चै ठूलो कुरा हो,' ओटोले भने, 'यसले पूरै संसारलाई व्यापकरूपमा प्रभावित पार्छ ।'

डब्ल्युडब्ल्युएका अनुसार यस मे महिनामा आइसल्याण्ड र ग्रिनल्याण्डमा देखिएको रेकर्ड उचाइ प्रत्येक १०० वर्षमा दोहोरिन सक्छ । ग्रिनल्याण्डका आदिवासी समुदायहरूका लागि तातो तापक्रम र पग्लिने बरफले उनीहरूको जीविकोपार्जन र परम्परागत जीवनशैलीका लागि खतरा उत्पन्न गर्दै बरफमा सिकार गर्ने क्षमतालाई असर गर्छ । यी परिवर्तनले दुई देशको पूर्वाधारलाई पनि प्रभावित गरेको छ । *रासस/एएफपी*

# चीनको टापु प्रान्तमा सतर्कता

**हाइको (चीन)–** दक्षिण चीन सागरमा उष्णकटिबन्धीय क्षेत्रमा यस वर्षको बिहानको पहिलो टाइफुनमा परिणत भएपछि चीनको दक्षिणी टापु प्रान्त हाइनानले बुधबार चौथो स्तरको टाइफुन चेतावनी जारी गरेको छ ।

हाइनान प्रान्तीय मौसम विज्ञान ब्युरोका अनुसार टाइफुन वुटिपको केन्द्र स्थानीय समयानुसार बुधबार ८ बजे मा सानसा सहरको योङ्कसिङ दाओबाट करिब १६५ किलोमिटर दक्षिणपूर्वमा अवस्थित थियो । यसले ९९५ हेक्टरपास्कलको केन्द्रीय चापका साथ १८ मिटर प्रतिसेकेन्डको हावालाई समेट्दै थियो ।

तीव्र हावा र वर्षाले पहिले नै चीनको दक्षिणी सहर सानसालाई असर गरेको छ । यसले १०८.६ मिलिमिटरको अधिकतम वर्षा र १८.७ मिटर प्रतिसेकेन्डको हावाहुरी रेकर्ड गरेको छ । मौसमविद्हरूले टाइफुन वुटिप १० देखि १५ किलोमिटर प्रतिघण्टाको गतिमा उत्तरपश्चिमतर्फ बढ्ने र हाइनान टापुको दक्षिणपूर्वी तटमा पुग्दा बिस्तारै बलियो हुने पूर्वानुमान गरेका छन् । यसले शुक्रबार यस क्षेत्रमा अवतरण गर्ने अनुमान गरिएको छ ।

तयारीका लागि प्रान्तीय विपद् रोकथाम, न्यूनीकरण र राहत समितिले मंगलबार आपत्कालीन प्रतिक्रिया सक्रिय गरेको छ भने अधिकारीहरूलाई जलाशयहरू, सहरी जल निकासी, पर्यटन सुविधाहरू र लुकेका भूगर्भीय खतराहरू भएका साइटहरूको निरीक्षणलाई बलियो बनाउन सल्लाह दिएको छ । समितिले जहाज र समुद्री अपरेशन प्लेटफर्मलाई तीव्र हावाविरुद्ध सावधानी अपनाउन पनि आग्रह गरेको छ । *रासस/सिन्ह्वा*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०८१/०९/२९ मा दर्ता भएको प्रा.लि.नं. ३५९१३० **को कार्गो वेभ सोलुसन एण्ड लजिष्टिक्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**युएइमा रोजगार** कम्पनी : NAJLA ALNAHDI BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ LT. No. 325366 चलानी नं. ६०२३९३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 3 | 1500 | ५५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ५ गते (19th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**कतारमा रोजगार** कम्पनी : Joint Power Automotive WLL

पूर्व स्वीकृति मिति : २०८१/०१/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२८ LT. No. 303499 चलानी नं. ६०२३९३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३७,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Technician | 2 | 0 | 1100 | ४१,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ५ गते (19th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८५/०५३/०५४
INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

**साउदीमा रोजगार** कम्पनी : Methaq Al Jazeera Resources Company

पूर्व स्वीकृति मिति : २०८२/०२/२८ LT. No. 325355 चलानी नं. ६०२३९३७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 45 | 0 | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ५ गते (19th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 962/067/068
WORLD VIEW International Human Resures (Pvt.) Ltd.
Anandnagar Dhuumbarahi-4, Kathmandu, Nepal
Telephone: + 977-01-4435445, 4437446, E-mail : worldview.internationalhr@gmail.com, URL : www.worldview.com

**मलेसियामा रोजगार** कम्पनी : METROPOLIS SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ LT. No. 325415 चलानी नं. ६०२३९३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 27 | 0 | 1700 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ५ गते (19th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1459/074/75
UTSAV H.R. SOLUTION PVT.LTD.
Pinglasthan-9, Gaushala, Kathmandu, Nepal, Telephone: + 977-01-4484436, 4584644, 9841366291/ 9852679205/9804970768/9810436524/ E-mail : info.utsavhrsolution@gmail.com

**युएइमा रोजगार** कम्पनी : Isam Kabbani And Partners For Constructions And Maintenance Co. L.L.C. Dubai Branch

पूर्व स्वीकृति मिति : २०८२/०२/२८ LT. No. 325317 चलानी नं. ६०२३९३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter (Building) | 10 | 0 | 1200 | ४४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Mason | 10 | 0 | 1200 | ४४,७१५ | | | | | | | |
| 3 | Helper | 10 | 0 | 1000 | ३७,२६५ | | | | | | | |
| 4 | Painter | 10 | 0 | 1200 | ४४,७१५ | | | | | | | |
| 5 | Painter Assistant | 10 | 0 | 1000 | ३७,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ५ गते (19th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1755/081/082
PRINCE NEPAL H.R. PVT. LTD.
Swoyambhu-15, Kathmandu, Nepal, Telephone: + 977-01-5924462/5924463
Mob: 9801007279, 9801053933, E-mail : princenepalhr@gmail.com

**युएइमा रोजगार** कम्पनी : Emarat Aloula Contracting One Person Company L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२८ LT. No. 313808 चलानी नं. ६०२२८१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaners | 0 | 10 | 850 | ३१,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Male Cleaners (Janitorial) | 53 | 0 | 800 | २९,८१० | | | | | | | |
| 3 | Pest Control Technicians | 2 | 0 | 1200 | ४४,७१५ | | | | | | | |
| 4 | Tea Boy | 38 | 0 | 850 | ३१,६७५ | | | | | | | |
| 5 | Team Leaders | 2 | 0 | 1400 | ५२,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय र जि. एस टेक्निकल स्कुल प्रा.लि. शम्भुमार्ग, काठमाडौंमा मितिः २०८२ असार ५ देखि ८ गते (19-22 Jun. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1650/080/81
PRAKASH HUMAN RESOURCE PVT
Sinamangal-9, Shambhu Marg Kathmandu Nepal, T: +977-1-4560201
Email:- info@prakashhumanresource.com, Web: prakashhumanresource.com

**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १९१३०० | प्रति तोला - ० | प्रति तोला - २१६५ |



**पर्यटकीय ग्रीनलेक** | मनाङ डिस्याङ गाउँपालिका-१ पिसाङस्थित ग्रीनलेक । समुद्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको यस ताल मनाङ आउने पर्यटकको रोजाइमा पर्ने गरेको छ । यहाँबाट अन्नपूर्ण दोस्रो, तेस्रो, चौथो हिमाल नजिकैबाट देख्न सकिन्छ । *तस्बिर : नवीन लमिछाने/रासस*

## अन्तरमन्त्रालय सहजीकरणलाई प्राथमिकतामा दिन निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अन्तरमन्त्रालय सहजीकरण र समन्वयलाई प्राथमिकता दिन कर्मचारीलाई निर्देशन दिएका छन् ।

अर्थ मन्त्रालयमा आयोजित उच्चस्तरीय व्यवस्थापन समूहको बैठकमा अर्थमन्त्री पौडेलले कानुनको सीमाभित्र रहेर अन्तरमन्त्रालयका कार्यलाई प्राथमिकता दिन कर्मचारीलाई निर्देशन दिएको उनको सचिवालयले जनाएको छ ।

प्राथमिकताका आधारमा कामको सहजीकरण गरेर शीघ्र सम्पन्न गर्ने वातावरण तयार पार्न अर्थमन्त्री पौडेलको निर्देशन थियो । परिणाममुखी अभ्यासमा जान जरुरी रहेको उल्लेख गर्दै उनले निर्धारित लक्ष्य पूरा गर्न अतिरिक्त मेहनतका साथ कार्यसम्पादन गर्न पनि कर्मचारीलाई निर्देशन दिए ।

अर्थमन्त्री पौडेलले व्यवहारिक पक्षलाई हेरेर परिणाममुखी हिसाबले आगामी आर्थिक वर्षको मासिक र वार्षिक लक्ष्यहरू निर्धारण गर्नुपर्नेमा जोड दिए । आगामी बजेट कार्यान्वयनमा जाँदा कानुनहरू संशोधन गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै उनले सबै मन्त्रालय र निकायसँगको परामर्शमा संशोधनको गृहकार्य गरिने बताए ।

बैठकमा अर्थसचिव घनश्याम उपाध्याय र राजस्वसचिव दिनेश घिमिरेले अतिरिक्त मेहनत गरेर राजस्व संकलन र पुँजीगत खर्च वृद्धिमा सहजीकरण गर्न महाशाखा प्रमुख तथा विभागीय प्रमुखहरूलाई आग्रह गरेका थिए ।

## 'प्राकृतिक स्रोतको उचित परिचालन गरे आर्थिक परिवर्तन हुन्छ'

■ प्रभाव संवाददाता

**म्याग्दी –** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्राकृतिक स्रोतको उचित व्यवस्थापन र परिचालन गरेर मुलुकमा आर्थिक परिवर्तन ल्याउन सकिने धारणा राखेका छन् ।

म्याग्दी हुँदै मुस्ताङ जाने क्रममा म्याग्दीको अन्नपूर्ण गाउँपालिकास्थित भुरुङ-तातोपानी, रूपसे झरना र अन्धगल्छीको अवलोकनपछि जनप्रतिनिधि र स्थानीयसँग अन्तरक्रिया गर्दै उनले प्राकृतिक स्रोतलाई उचित व्यवस्थापन गरी पर्यटन प्रवर्द्धनको आधार बनाउन सकिने सम्भावना रहेको बताए ।

'चीन र भारतलाई जोड्ने रणनीतिक महत्त्वको कालीगण्डकी करिडोर सडकको अवस्था, प्राकृतिक स्रोतको सम्भावना र परिचालनका विषयमा छलफल, पूर्वाधार विकासको आवश्यकता तथा जनताका समस्या बुझ्न पोखराबाट सडक मार्ग हुँदै मुस्ताङ जाने निर्णय गरेको हुँ', उनले भने, 'म्याग्दीमा रहेका प्राकृतिक तातोपानीका मुहानलाई संरक्षण, प्रवर्द्धन र व्यवस्थित गरेर स्वास्थ्य पर्यटनको विकास गराउन सकिने सम्भावना देखेको छु ।'

कालीगण्डकी र आसपासका नदीहरूमा निर्माण भइरहेका जलविद्युत् आयोजनामा रोजगारीका अवसर सृजना हुनुका साथै हिमाल, झरना र रमणीय दृष्यावलोकनमा पर्यटकको आकर्षण बढाउन प्राकृतिक सम्पदाको पहिचान, प्रवर्द्धन र विकास गर्नुपर्नेमा अध्यक्ष दाहालले जोड दिए । पर्यटन प्रवर्द्धनमार्फत नागरिकको आर्थिक अवस्थामा परिवर्तन ल्याउन सकिने उनको भनाइ छ ।

भुरुङ-तातोपानी कुण्डमा स्नान गरी अध्यक्ष दाहालले अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, पूर्वअध्यक्ष डमबहादुर पुन, स्थानीयवासीलगायत नेताकार्यकर्तासँग अन्तरक्रिया गरेका थिए ।

अन्तरक्रियाका क्रममा स्थानीयवासीले बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा पहिरो नियन्त्रण तथा कटान रोकथाम गरेर सुरक्षित रूपमा नियमित यातायात सञ्चालनको व्यवस्था मिलाउन माग गरेका थिए ।

अध्यक्ष दाहालले रणनीतिक महत्वको बेनी-जोमसोम-कोरला सडक स्तरोन्नतिलाई पूर्णता दिन, पहिरो तथा नदी कटान रोकथाम गर्न र कोरला नाका व्यापारिक रूपमा सञ्चालनमा ल्याउन सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता जनाए ।

देशका विभिन्न ठाउँमा पुग्दा जनताले सुशासन, समृद्धि र राजनीतिक स्थायित्व चाहेको बताउँदै उनले सबैको सहकार्य र समन्वयमा अहिलेको व्यवस्थालाई सुधार गरेर लैजानुपर्ने धारणा राखे ।

## दश महिनामा प्रदेश सरकारको एक खर्ब खर्च

■ प्रभाव संवाददाता



**काठमाडौं–** चालु आर्थिक वर्षको १० महिनामा प्रदेश सरकारहरूले रु एक खर्ब १७ करोड बराबर रकम खर्च गरेका छन् । नेपाल राष्ट्र बैंकका अनुसार सो अवधिमा प्रदेश सरकारले स्रोत परिचालन रु एक खर्ब ६१ अर्ब ७७ करोड गरेका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदान प्रदेश सरकारका लागि रु ६० अर्ब उपलब्ध गराएको थियो । सशर्त अनुदान रु २५ अर्ब ८४ करोड र पूर्वाधारका आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान रु ६ अर्ब २० करोड उपलब्ध गराएको थियो ।

प्रदेश सरकारहरूको कुल स्रोत परिचालनमा सङ्घीय सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु एक खर्ब २३ अर्ब १५ करोड र प्रदेश सरकारहरूले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व रु ३८ अर्ब ६२ करोड रहेको थियो ।

केन्द्रीय बैंकका अनुसार, गत वैशाख मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु तीन खर्ब ३६० अर्ब ९८ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ । विसं २०८१ असार मसान्तमा यस्तो मौज्दात रु ९३ अर्ब ९६ करोड रहेको थियो ।

समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु नौ खर्ब २२ अर्ब ४३ करोड पुगेको छ । यसअन्तर्गत कर राजस्व रु आठ खर्ब २८ अर्ब ९४ करोड र गैर कर राजस्व रु.९३ अर्ब ४९ करोड परिचालन भएको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को दश महिनामासरकारको कुल खर्च रु ११ खर्ब ५७ अर्ब ८९ करोड रहेको छ । समीक्षा अवधिमा चालु खर्च रु सात खर्ब ७३ अर्ब २३ करोड, पुँजिगत खर्च रु एक खर्ब २० अर्ब ३८ करोड र वित्तीय व्यवस्था खर्च रु दुई खर्ब ६४ अर्ब २९ करोड रहेको छ ।

## विदेशबाट फर्केर ३० रोपनीमा अकबरेखेती



**वालिङ–** यहाँका एक युवाले व्यावसायिकरूपमा अकबरे खुर्सानीखेती थालेका छन् । स्याङ्जाको गल्याङ नगरपालिका-१ चौरका असिम तिवारीले स्वदेश फर्केसँगै विदेशमा सिकेको सीपको सदुपयोग गर्दै व्यावसायिकरूपमा अकबरे खुर्सानीखेती सुरु गरेका हुन् ।

दुई वर्ष रसियामा कृषि क्षेत्रमै काम गरेको अनुभव संगाल्नुभएका तिवारी आफ्नै ठाउँमा फर्केर व्यवसाय थाल्ने हुटहुटीसहित स्वदेश फर्किएका हुन् । स्वदेश फर्केको २-३ महिनापछि नै उनी व्यावसायिकरूपमा अकबरे खुर्सानी लगाउने योजना बनाएर अगाडि बढेका हुन् ।

'स्थानीय बजारसहित देशैभर र अन्तरराष्ट्रिय बजारमा समेत अकबरे खुर्सानीको माग उच्च रहेको पाएँ', उनले भने, 'आफूलाई कृषि क्षेत्रमा भएको अनुभव साथै खुर्सानीको बजारीकरण तथा खपत राम्रो हुने देखेर व्यावसायिक रूपमा अगाडि बढेको हुँ ।'

मातृभूमि कृषि तथा पशुंपक्षी फार्म दर्ता गरेर व्यवसाय थालेका तिवारीले ३० रोपनी जमिन भाडामा लिएका छन् । उनले भाडामा लिएको जमिनको व्यवस्थापन, मलखाद, खनजोत तथा खुर्सानीको नर्सरी आफैँ राखेर जेठको पहिलो साता खुर्सानी रोपेका हुन् ।

'जग्गा व्यवस्थापन, जग्गा सम्झौता, आवश्यक यन्त्र उपकरण खरिद, कामदार लगायतको कामका लागि हालसम्म झण्डै रु २५ लाख लगानी भएको छ', उनले भने, 'करिब ३० रोपनी क्षेत्रफलमा झण्डै २५ हजार अकबरे खुर्सानी लगाएको छु ।' खुर्सानी उत्पादनका लागि यहाँको हावापानी उपयुक्त रहेको उनले बताए । जेठको पहिलो साता लगाइएको खुर्सानीले भदौ, असोजमा उत्पादन दिन्छ ।

एउटा राम्रो बोटबाट एकदेखि तीन किलोसम्म खुर्सानी उत्पादन हुने उनले बताए । तिवारीसँगै अहिले व्यावसायिक अकबरेखेतीमा अन्य दुई जनाले पनि साथ दिएका छन् । खुर्सानीखेतीका लागि सुरुदेखि नै नगरपालिकाका कृषि प्राविधिकले प्राविधिक सल्लाह तथा परामर्श दिने र अवलोकन गर्ने कार्य भइरहेको उनले बताए ।

'विदेशमा सिकेको सीपलाई आफ्नै ठाउँमा सदुपयोग गर्दै यहीं स्थापित हुने लक्ष्य र उद्देश्यसहित गाउँ फर्किएको हुँ', उनले भने, 'यस वर्ष ठूलो मात्रामा अकबरेखेती थालेको र आगामी वर्षदेखि व्यवसाय विस्तार गर्दै बाख्रापालन गर्ने तयारी भइरहेको छ ।' गाउँघरमा पछिल्लो समय खेतीपाती नगरी जमिन बाँझो राख्ने क्रम बढ्दै गइरहेका बेला बाँझो जमिनको सदुपयोग गर्दै युवाले ठूलो मात्रामा थालेको व्यावसायिक अकबरेखेतीका बारेमा जान्न बुझ्न आसपासका स्थानीय फर्ममा पुग्ने गरेका छन् । *रासस*

## थामिएन सेयर बजार

■ प्रभाव संवाददाता




**काठमाडौं –** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक १३ दशमलव ६९ अंकले घटेर दुई हजार ६६४ दशमलव ४७ को विन्दुमा कायम भएको हो ।

तीन सय सात कम्पनीको दुई करोड २० लाख ७५ हजार ७६९ कित्ता सेयर ८१ हजार ७०३ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ९० करोड ७० लाख पाँच हजार ५७५ दशमलव शून्य आठको कारोबार भएको छ । जलविद्युत् समूह एक दशमलव १३ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेका छन् ।

कारोबारमा बुटवल पावर कम्पनी लिमिटेड, प्युअर इनर्जी लिमिटेड र सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्य सबैभन्दा बढी पाँच दशमलव ८९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा राधी विद्युत् कम्पनी लिमिटेडको सबैभन्दा बढी रु ६१ करोड ५७ लाख १७ हजार १४४ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटरको सबैभन्दा बढी १० लाख ८९ हजार ५४८ कित्ता सेयर खरिदबिक्री भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ